# परिच्छेद -एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा शब्द संस्कृत भाषाको "शिक्षा" धातुबाट आएको हो । यसको अर्थ सिक्नु वा सिकाउनु भन्ने हुन्छ । यसरी नै नेपाली भाषामा प्रचलित "विद्या" शब्द संस्कृतिको "बिद्" धातुबाट बनेको हो । जसको अर्थ जान्नु वा ज्ञान प्राप्त गर्नु भन्ने हुन्छ । त्यसैगरी शिक्षाको अंग्रेजी रुपान्तरण Education शब्द ल्याटिन भाषाको Educatum बाट बनेको हो । ल्याटिन भाषामा Edu को अर्थ Internal र catum को अर्थ to lead भन्ने हुन्छ । यसरी Educatum को अर्थ व्यक्तिमा निहित आन्तरिक शक्तिलाई शिक्षणको माध्यमद्वारा बाहिर प्रस्फुटन गराउनु वा अगाडि बढाउनु भन्ने हुन्छ (श्रेष्ठ २०६६) ।

शिक्षालाई विभिन्न विद्वानहरुले फरकफरक तरिकाबाट परिभाषित गरेका छन् । शंकराचार्यका अनुसार-"आत्मानुशासन नै शिक्षा हो ।" रुसोका अनुसार-"शिक्षा केही होइन बानीहरुको विकास मात्र हो । त्यस्तै अरस्तुका अनुसार- "स्वास्थ्य शरीरमा स्वास्थ्य मस्तिष्कको निर्माण गर्नु नै शिक्षा हो ।" यसैगरी फोबेलले "शिक्षा त्यस्तो प्रक्रिया हो, जसबाट बालकले आफ्ना आन्तरिक गुणहरुलाई बाहिर प्रकाशमा ल्याउँछ ।" भनी शिक्षालाई परिभाषित गरेका छन् । त्यसैगरी सोक्रेटसका अनुसार-"शिक्षा भनेको सार्वजनिक रुपमा बैध बिचारलाई बाहिर ल्याउनु हो, जुन प्रत्येक मानिसको मनमा लुकी बसेको हुन्छ ।" त्यस्तै प्लेटोले "शिक्षाले मानिसको शरीर र आत्मालाई पूर्णता प्रदान गर्दछ, जसबाट विद्यार्थीहरु प्रभावित हुन्छन् ।" भनी शिक्षालाई परिभाषित गरेका छन् ।

शिक्षालाई विभिन्न शिक्षाविद्, विद्वान, दार्शनिक तथा समाजशास्त्रीहरुले भिन्ना-भिन्नै कोणबाट आफ्ना आफ्ना विचारहरु व्यक्त गरेका छन् । शिक्षालाई जीवनपर्यन्त, जन्मजात शक्ति, असल गुणको विकास, बानी र व्यवहारको रुपमा विकास, सामाजिक समायोजनको रुप, अन्तर्निहित प्रतिभाको प्रस्फुटन गराउने माध्यम आदिको रुपमा बताएको पाइएता पनि शिक्षालाई मानिसको सर्वाङ्गीर्ण विकास गराउने साधनको रुपमा सबैले स्वीकारेका छन् (शर्मा एण्ड शर्मा २०६७) ।

पाठ्यक्रम शैक्षिक प्रणालीको मेरुदण्ड हो । तसर्थ शिक्षा क्षेत्रमा पाठ्यक्रमलाई अत्यन्त महत्वपूर्ण योजनाको रुपमा मानिन्छ । राष्ट्रले निर्माण गरेको शैक्षिक लक्ष्य तथा उद्देश्य, शैक्षिक नीति, शैक्षिक योजना, शैक्षिक संरचना अनुरुप निर्माण गरिएको शैक्षिक कार्यक्रमलाई पाठ्यक्रम भनिन्छ । पाठ्यक्रमले उद्देश्य, विषयवस्तु, शिक्षण विधि तथा मूल्याङ्कन प्रक्रिया जस्ता शैक्षिक कार्यक्रमका महत्वपूर्ण अङ्गहरु समेटको छ । कुनै पनि राष्ट्रको शैक्षिक अवस्था परिवर्तनशील हुन्छ । व्यक्ति, समाज तथा राष्ट्रका आवश्यकता, माग, चाहना तथा आकाङ्क्षाहरुमा परिवर्तनको स्वरुप अनुसार देशको शिक्षा नीति तथा कार्यक्रम गर्दै जानुपर्दछ । तसर्थ पाठ्यक्रम परिवर्तनशील हुन्छ । यसले परिवर्तित अवस्था र सन्दर्भ अनुरुपका मर्महरुलाई समेटेको हुन्छ, समावेश गरेको हुन्छ । पाठ्यक्रम विद्यालयको परिधिभित्र तथा परिधि बाहिरका विभिन्न प्रयास र प्रयत्नबाट प्राप्त हुने अनुभव तथा अवसरहरुको व्यवस्थित रुप हो । शैक्षिक प्रणालीको योजनाबद्ध कार्यक्रम हो । निर्धारित लक्ष्य हासिल गर्नका लागि बनाइएको मार्गचित्र हो (कट्टेल २०६५) ।

पाठ्यक्रम अनुभव र क्रियाहरु अर्थात जीवनका वास्तविक परिस्थितिहरुको सञ्चय हो । जसमा सिकारुहरु भाग लिन्छन्, अनुभवहरु हासिल गर्दछन्, जसका लागि शिक्षक तथा अन्य व्यक्तिहरुले मद्दत गर्दछन् । यस धारणा अनुसार पाठ्यक्रममा पाठ्यपुस्तक, विषयसूची र पाठ्यवस्तुभन्दा अरु केही विशेष धारणाहरु समावेश भएका हुन्छन् । यसमा विद्यार्थी, शिक्षक, विद्यालयमा सञ्चालन हुने क्रियाकलापहरु, सामाजिक तथा राष्ट्रिय आवश्यकता, शिक्षाका चाहना र राष्ट्रिय आवश्यकता, शिक्षाका राष्ट्रिय, तहगत, कक्षागत र विषयगत उद्देश्यहरु, पाठ्यांश, शिक्षण विधि र सामग्रीहरु, शिक्षण-सिकाई कार्यनीतिहरु र मूल्याङ्कन विधि तथा कार्यपद्धतिहरु समेत अंकित हुन्छन् । यसले सम्पूर्ण वाताबरणीय गतिलाई ओगटेको हुन्छ ।

विभिन्न दार्शनिकहरु, शिक्षाशास्त्रीहरु, विद्वानहरु र संघसंस्थाहरुले पाठ्यक्रम सम्बन्धी परिभाषा दिएका छन् । जुन निम्न अनुसारको छ -

> "शिक्षाको लक्ष्य हासिल गर्नका लागि बनाइएको शैक्षिक कार्यक्रम पाठ्यक्रम हो ।"
>
> -रा.शि.प.यो. २०२८

> "पाठ्यक्रम सिकाइका लागि एक सम्पूर्ण ज्ञान र अनुभवहरुको सार मान्नुपर्दछ ।"
>
> Froebel

“पाठ्यक्रममा ती सबै अनुभवहरु सम्मिलित हुन्छन् जो विद्यालयको शिक्षाको उद्देश्य प्राप्तिका निमित्त उपयोग गरेको हुन्छ ।”

Monroe

“आशातित सिकाइ उपलब्धीहरुको क्रमबद्ध रुप पाठ्यक्रम हो । ”

Johnson

“पाठ्यक्रम विद्यार्थीका सबै अनुभवहरु हुन् जो विद्यालय र शिक्षकद्वारा शिक्षाको उद्देश्य प्राप्तिका लागि योजना र निर्देशित गरिएको हुन्छ ।”

UNESCO

“इच्छित उपलब्धिहरु प्राप्त गर्न विद्यालय भित्र र बाहिर विद्यालयले गर्ने सम्पूर्ण प्रयास पाठ्यक्रम हो ।”

Sylor and Alexander

सामाजिक अध्ययन प्राथमिक र माध्यमिक विद्यालयमा पढाइने कोर्स वा कोर्सहरुको समुहको नाम हो । यसलाई निश्चित तह वा विश्वको क्षेत्रगत भू-भागमा मानव समाजको विविध पक्षको अध्ययन गर्न प्रस्तुत गरिएको विषयको रुपमा समेत चिनिन्छ । आधारभूत तहमा सामाजिक अध्ययनले स्थानीय समुदाय र परिवारको अध्ययनमा जोड दिन्छ । निम्न माध्यमिक र माध्यमिक तहमा सामाजिक अध्ययन पाठ्यक्रम विविध विधा र विषयहरु विशिष्टतामा आधारित भएर आएको छ । सामाजिक अध्ययन विभिन्न देश र विषयवस्तुहरुको बीचमा विविधताको अध्ययन गर्ने विषय हो । तर यो समाजशास्त्र र सामाजिक विज्ञानको पर्यायबाची भने होइन । यसमा केही गहन विषयवस्तुहरु सामाजिक र राजनीतिक विज्ञानबाट लिइएको छ भने अन्य विद्यालयहरुको आवश्यकता अनुसार तय गरिएका हुन्छन् । विभिन्न अनुसन्धानकर्ता, दार्शनिकहरुको धारणा र उनीहरुको सामान्यिकरणबाट र छलफलबाट प्राप्त निष्कर्षले सामाजिक अध्ययनका विषयवस्तुहरुको नेतृत्व गरेको हुन्छ । सामाजिक अध्ययन धेरै विषयवस्तुहरु समाजशास्त्र, राजनीतिक विज्ञान, मनोविज्ञान, मानवशास्त्र र नागरिकशास्त्र जस्ता विभिन्न क्षेत्रबाट निकाली तयार पारिएको बहुविषयक अध्ययन हो भन्न सकिन्छ ।

सामाजिक अध्ययन विभिन्न सामाजिक विज्ञानका पाठ्यपुस्तकहरु संगालेर तयार पारिएको एउटा एकिकृत विषय हो । यसले इतिहास, समाजशास्त्र, भू-गोल, मानवशास्त्र, तथ्याङ्कशास्त्र, जनसङ्ख्या आदि विषयसँग सम्बन्धित विषयहरु अध्ययन अध्यापनका लागि प्रदान गरेको छ ।

यस विषयले मानिसलाई एक सर्वश्रेष्ठ बुद्धिमान सामाजिक प्रणालीको रुपमा विकसित गर्न सहयोग पुऱ्याउँछ । यसले व्यक्तिलाई समाज, समुदाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा समेत सही भूमिका निभाउन सहयोग गर्दछ । त्यस्तै जिल्ला, विकास क्षेत्र, अञ्चल, राष्ट्र र अन्तराष्ट्रिय क्षेत्रमा भएका विकासका गतिविधिहरु अध्ययन गरी सोही अनुकुल व्यवहार प्रदर्शन गर्न मद्दत गर्दछ । यसैगरी समाजमा रहेका सामाजिक समस्या र विकृतिहरु पहिचान गरी त्यसलाई निराकरण गर्न, ऐतिहासिक विषयको जानकारी दिइ पछि हुनसक्ने घटनाप्रति सचेत हुन, पृथ्वी लगाएत विभिन्न महाद्वीपमा भएका जनजीवनको पहिचान गर्न, सार्क र संयुक्त राष्ट्रसंघको परिचय र भूमिका उल्लेख गर्न, बालअधिकार र मानव अधिकारप्रति सचेत रही अनुकुल व्यवहार गर्न विद्यार्थीलाई सहयोग पुऱ्याउने यो विषय समय सान्दर्भिक हुन नसक्दा समसामयिक कुराहरुबाट समेत विद्यार्थीहरु बञ्चित हुन पुग्दछन् ।

विश्वमा सूचना तथा संचार क्षेत्रमा देखा परेका विकास, विश्व्यापीकरण तथा स्थानीयकरणलाई समाजिक अध्ययन विषयमा समाहित गरी मानवअधिकार, सामाजिक मूल्य एवं मान्यता, प्राकृतिक प्रकोप आदि विषयवस्तुहरु समावेश गरी यस विषयलाई  समसमायिक, व्यवहारिक र स्तरीय बनाउने प्रयास गरिएको छ । यस पाठ्यक्रम तयार पार्दा मूलत : यस प्रकारका दृष्टिकोण राखिएको छ -पाठ्यक्रमलाई समसामयिक, व्यावहारीक र स्तरीय बनाउने, सामुदायिक भावना विकास गराई आफ्नो मूलुकको विकासका पूर्वाधारहरुको जानकारी गराउने, देशको राजनैतिक परिवर्तन र समाजको माग एवं चाहना बमोजिम मानव अधिकारको विश्वव्यापी मान्यता समावेश गर्ने, आफ्नो कला, संस्कृती, सामाजिक मूल्य र मान्यता आदिलाई निरन्तरता दिने, आर्थिक क्रियाकलाप, दिगो विकास, बैदेशिक रोजगार, गरिबी र बेरोजगारी न्यूनिकरणका लागि चाल्नुपर्ने कदमहरु समावेश गर्ने, शान्ति, सुव्यवस्था, शुशासन, नागरिक समाजको भूमिका आदि पक्षलाई भौगोकि अवस्था र त्यसले जनजीवनमा पार्ने प्रभावको जानकारी दिने , विगतमा घटेका घटनाहरु तथा त्यसले समाजमा पारेको प्रभावहरु मनन् गर्दै त्यसप्रति सचेत गराउने, जातीय, क्षेत्रीय, वर्गीय, लैङ्गिक रुपले सन्तुलन कायम गर्दै जीवनयोपगी र व्यावहारिक ज्ञान, सीप र अभिवृत्ति पक्षलाई समावेश गर्ने, नेपालले अन्तराष्ट्रिय परिवेशमा खेलेको भूमिका अवगत गराउने, परिवर्तित सन्दर्भअनुसार असान्दर्भिक विषयस्तुलाई हटाई सान्दर्भिक विषयवस्तु समावेश गर्ने, प्रयोगात्मक शिक्षण पद्धतिलाई जोड दिई विद्यार्थीहरुलाई खोज र अन्वेषणमा संलग्न हुन  र भविष्यप्रति सचेत हुन अभिप्ररित हुने ।

यसरी नेपालमा वि.स. २००८ मा गठित राष्ट्रिय शिक्षा योजना आयोगका अमेरिकी सल्लाहकार Dr. H.B. Wood ले सामाजिक विषयप्रतिको नयाँ धारणा प्रवेश गराउन सफल रहे । वि.सं. २०११ सालमा College of Education को पाठ्यक्रममा यस विषयले प्राथमिकता पायो । २०१८ सालको प्राथमिक तहको पाठ्यक्रममा सामाजिक शिक्षालाई समावेश गराई उपत्यकाका केही विद्यालयहरुमा बालबालिकालाई शिक्षण गराउन थाल्यो । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति (२०१८) ले नेपाल अधिराज्य भरिका विद्यालयहरुमा यसलाई शिक्षण गराउन थालियो । वि.सं. २०२८ सालको राष्ट्रिय शिक्षा पद्दतिको योजनाले सबै तहको अनिवार्य विषयको रुपमा १०० पूर्णाङ्कको सामाजिक शिक्षा विषय राख्यो (पन्त,२०४२) । पाठ्यक्रम कार्यान्वयन योजना, (२०३८) लागू भएपछि कक्षा कक्षा १-७ सम्म प्रा.वि. र नि.मा.वि. मा सामाजिक अध्ययनलाई अनिवार्य विषय बनाइयो । मा.वि. तह कक्षा १० सम्ममा सामाजिक विषयलाई हटाएर भूगोल, इतिहास आदि विषयलाई राष्ट्रिय शिक्षा आयोग-२०४९ ले फेरी ऐच्छिक विषयको रुपमा राख्यो । विद्यालयको १-१० कक्षासम्म सामाजिक अध्ययनलाई अनिवार्य विषयको रुपमा अध्ययन अध्यापन गर्न सिफारिस गऱ्यो । वर्तमान समयमा विद्यालयको सवै तहमा १०० पूर्णाङ्कको सामाजिक अध्ययन विषय राखिएको छ । माध्यमिक तहमा यसको पाठ्यभार ५ राखिएको छ ।

## १.२ समस्याको कथन

पाठ्यक्रम विद्यालय भित्र र बाहिर विद्यार्थीहरुलाई शिक्षा प्रदान गर्न बनाइएको एउटा शैक्षिक कार्यक्रम हो । यसको विकास निरन्तर रुपमा भइरहनु पर्दछ । विद्यार्थी, समाज, राष्ट्र र अन्तराष्ट्रिय स्तर समेतका माग र आवश्यकताहरु परिवर्तन भइरहन्छन् । समाजको परिवर्तित मागअनुसार पाठ्यक्रमको विकासमा पनि सुधार ल्याउनु अत्यन्त आवश्यक छ । यसलाई समय सापेक्ष बनाउन नसक्दा सिङ्गो राष्ट्र नै विश्वको दाँजोमा पछाडि पर्दछ । देशको भौगोलिक परिवेश, वातावरण, सामाजिक, आर्थिक, राजनीतिक अवस्था, सांस्कृतिक चालचलन, विज्ञान र प्रविधिको विकास आदिलाई आत्मसात गर्दै पाठ्यक्रममा पनि सुधार र परिवर्तन गर्न सके मात्र एउटा नेपाली सक्षम जनशक्तिको रुपमा उत्पादित हुन्छ र त्यसले नेपालीहरुसँग मात्र नभइ विश्वको जुनकुनै व्यक्तिसँग पनि कामको बजारमा प्रतिष्पर्धा गर्न सक्दछ ।

नेपाल राष्ट्रिय शिक्षा योजना आयोग, २०११ ले माध्यमिक शिक्षा बेकारी बनाउन हुदैन पाठ्यक्रम बाहिरका कारवाहिहरु कार्यक्रमका निश्चित भाग बन्नु पर्दछ भन्ने सुझाव दिएको छ। त्यस्तै सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति, २०१८ ले समाजका प्रत्येक अंगलाई साक्षर बनाउदै जीवनोपयोगी तालिम दिन सामाजिक शिक्षा व्यवस्था गर्नुपर्दछ भन्ने सुझाव दिएको छ। राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९ ले विभिन्न तहका पाठ्यक्रममा राष्ट्रिय उद्देश्य प्रतिविम्बित हुनुपर्दछ भन्ने सुझाव दिएको छ। विद्यालयको पाठ्यक्रम वस्तुपरक र स्थानीय वातावरणसित मेल खाने गरी छात्रछात्राहरुका लागि जीवनोपयोगी हुने किसिमबाट निमार्ण गरिनुपर्दछ। पाठ्यक्रमहरु प्रकाशित गरी निःशुल्क वितरण गर्ने परिपाटी समाप्त गरी सम्बद्ध संस्थाहरुले लागत मूल्यमा विक्रि वितरण गर्ने व्यवस्था हुनु पर्दछ भन्ने सुझाव पेश गरेको छ।

नेपालमा रा.शि. आयोग, २०४९ ले विद्यालयको सबै तह र कक्षामा सामाजिक अध्ययन पाठ्यक्रम लागू गरेको छ। मा.वि. तहको ८०० पूर्णाङ्क मध्ये १०० पूर्णाङ्कको सामाजिक अध्ययन पाठ्यक्रम समावेश गरेको छ। यसरी समावेश गरेको पाठ्यक्रम समयसान्दर्भिक छ कि छैन ? भन्ने मेरो मुख्य सोध विषय रहेको छ। पाठ्यक्रम निर्माण गरेर लागू गर्दैमा पूर्णकाम सधैंको लागि भएको ठहर्दैन। तथर्स समाजको वर्तमान मागसँग त्यो सान्दर्भिक हुनु पनि आवश्यक छ। वर्तमान समयमा यसका उद्देश्य, विषयवस्तु, शिक्षण सामाग्री विधि, मूल्याङ्कन प्रक्रिया आदि पनि समय सान्दर्भिक हुनु नितान्त आवश्यक कुरा हो। सैद्धान्तिक रुपमा ठीकै छ, राम्रो छ भने पनि वास्तविक अभ्यासमा यसको सान्दर्भिकता के छ त ? भन्ने जिज्ञासा उत्पन्न भएकोले माध्यमिक तहको सामाजिक अध्ययन पाठ्यक्रमको उद्देश्यले शिक्षाको राष्ट्रिय उद्देश्लाई पूरा गर्न मद्दत गरेको छ त ? के सामाजिक अध्ययनका उद्देश्यहरु समयसान्दिभक उचित ठहरिएका छन् ? के यसका विषयवस्तुहरुको क्षेत्र र कम उचित मिलेको छ ? के विषयवस्तुहरुका दूर्वल पक्षभन्दा सबल पक्ष राम्रो छ ? यस विषयको पाठ्यक्रममा राखिएको शिक्षण विधि र सामग्रीहरु सान्दर्भिक छन्? माध्यमिक तह पास गरेका विद्यार्थीहरुमा समाजले अपेक्षा गरेका गुणहरु पर्याप्त छन् ? आदि जस्ता प्रश्नहरु अनुत्तरित रहेका छन्। यसरी माथि उल्लेख गरिएका विविध समस्याहरु रहेका कारणले मैले मेरो सोध समस्याको रुपमा “माध्यमिक तहमा सामाजिक अध्ययन विषयको पाठ्यक्रमको सान्दर्भिकता” छानेको छु।

## १.३ अध्ययनको औचित्य

शिक्षा समाज परिवर्तनको एक मात्र प्रभावकारी र सशक्त हतियार हो । यसको प्रमुख उद्देश्य व्यक्ति, समाज, राष्ट्र आदिको समुचित विकास गर्नु हो । यसका लागि राष्ट्रले विविध उद्देश्यहरु राखेको हुन्छ । ती उद्देश्यहरु पूरा गर्न विभिन्न विषयका पाठ्यक्रमहरु पनि निर्माण गरी लागू गरिएको हुन्छ । सामाजिक अध्ययन पनि एक गतिशील, व्यापक र बहुबिषयक विधा हो । यसले समाजशास्त्र, इतिहास, भूगोल, राजनितिशास्त्र, जनसङ्ख्या, अर्थशास्त्र, तथ्याङ्कशास्त्र आदिका विषयवस्तुहरु एकिकृत गरी अध्ययन अध्यापनका लागि तयार गरेको छ ।
सामाजिक अध्ययन विषयले समाजसँग प्रत्यक्ष सम्बन्ध राख्दछ । हामीलाई थाहा छ समाज गतिशील र परिवर्तनशील छ । तसर्थ यस्तो गतिशील र परिवर्तनशील समाजको इच्छा, आकाङ्क्षा पूरा गर्न पाठ्यक्रम पनि परिवर्तनशील र सान्दर्भिक हुनु आवश्यक छ । परिवर्तनशील समाज र विश्वमा मान्छे बाँच्नको लागि सधैं सङ्घर्षरत रहन्छ । त्यो बनाउनु यस सामाजिक अध्ययन पाठ्यक्रमको प्रधान उद्देश्य हो । अध्ययन र अनुसन्धानहरु व्यापक रुपमा वर्षा यामको च्याउ उम्रेझैं गरिएका छन् । तर यस्तो खालको समस्यासँग सम्बन्धित अनुसन्धान भएकोले यो एक महत्वपूर्ण अध्ययन हुन सक्छ । एक पटक बनाइएको पाठ्यक्रम सधैंको लागि मान्य नहुन सक्दछ । तसर्थ यसका उद्देश्यहरु सान्दर्भिक छन् छैनन् ? राष्ट्रिय उद्देश्यलाई पूरा गर्न मद्दत गर्छ वा गर्दैन, विषयवस्तुहरु समाज र विद्यार्थीका स्तर, क्षमता, उमेर, आवश्यक्ता अनुकुल छ वा छैनन ? यसका कमजोर र सबल पक्षहरु के-कस्ता छन् ? वर्तमानमा उपयोग गरिएका सामाजिक अध्ययन विषयका शिक्षण विधि र सामग्रीहरु औचित्यपूर्ण छ, छैन ? आदि कुराहरु पत्ता लगाई सोका लागि सुधारका उपायहरु समेत सुझाउने भएकोले यस अध्ययन सान्दर्भिक र औचित्य पूर्ण छ भन्न सकिन्छ ।

त्यसैगरी अध्ययनले विकासशील मुलुकहरु जस्तै 'नेपाल' मा हिंसा, हत्या भइरहेको छ । सामाजिक अध्ययन विषयको उद्देश्य समाजमा शान्ति, मेलमिलाप, सहिष्णुता कायम गर्नु पनि हो । के उद्देश्यअनुसार सिकाइ र विषयवस्तु नहुनुले यस्तो भएको हो त ? भन्ने सवालको पनि यसमा अनुसन्धान गरिन्छ । के समुदाय, समाज, राष्ट्र र विश्व वातावरणमा समायोजन हुन सक्ने नागरिक तयार गर्न सामाजिक अध्ययनले सहयोग गरेको छ त ? भन्ने सबाल पनि अनुत्तरित रहेको अवस्थामा मेरो यो अध्ययन औचित्यपूर्ण छ भन्ने लाग्छ । यस अध्ययनले अरु

यस विषयसँग सम्बन्धित अनुसन्धानकर्ताहरुलाई पक्कै पनि सहयोग पुऱ्याउने नै छ । त्यसैगरी यो अध्ययन अनुसन्धानले समुदायका व्यक्ति, समाज, सामाजिक संघसंस्था, जि.शि.का., पाठ्यक्रम विकास केन्द्र, पाठ्यक्रम निर्माण तथा मूल्याङ्कन परिषद, नेपाल सरकार, सरकारी तथा गैरसरकारी संघसंस्था आदिलाई सचेतना कार्यक्रम बनाइ लागू गर्न, पाठ्यक्रममा सुधार र परिवर्तन गर्न, विभिन्न योजना तथा कार्यक्रमहरु बनाइ लागू गर्न, विविध खालका सूचनाहरु प्राप्त गर्न, यस्तै अन्य खालका अनुसन्धानहरु पूरा गर्न सहयोग मिल्ने छ । त्यसैगरी शैक्षिक योजनाकर्ताहरुलाई शैक्षिक योजना निर्माण गरी समाजलाई समय सापेक्ष परिवर्तन गर्नमा पनि यस अध्ययन पक्कै पनि सहयोगी हुन सक्दछ जस्तो लाग्छ मलाई । यस अध्ययनका औचित्यहरुलाई बुँदागत रुपमा निम्नानुसार उल्लेख गरिएको छ :-

क) सामाजिक अध्ययन विषयले अनुसरण गरेका उद्देश्यहरु, समयसान्दर्भिक र राष्ट्रिय उद्देश्यसँग मेल खान्छन् वा खाँदैनन् पत्ता लगाई आगामी समयमा पाठ्यक्रममा सुधार गर्न पाठ्यक्रम निर्मातालाई सहयोग गर्दछ ।

ख) मा.वि. तहको सामाजिक अध्ययन पाठ्यक्रममा समावेश विषयवस्तुहरुका सबल र दुर्वल पक्षहरुको विश्लेषण गरी सुधार गर्न मद्दत गर्दछ ।

ग) सामाजिक अध्ययन विषय पाठ्यक्रम कार्यान्वयनमा उपयोग गरिएका शिक्षण विधि र सामाग्रीको औचित्य र सान्दर्भिकता पुष्टि गर्न मद्दत पुग्दछ ।

घ) सामाजिक अध्ययन पाठ्यक्रम समयानुकूल सुधार गर्दै लैजान पाठ्यक्रमसँग सम्बन्धित सबैलाई सुझावहरु प्रदान गर्दछ ।

ङ) सामाजिक अध्ययन पाठ्यक्रममा भएका कमिकमजोरीहरुलाई पत्ता लगाइ पाठ्यक्रममा सुधार गर्न पाठ्यक्रम विकास केन्द्र, राष्ट्रिय पाठ्यक्रम निर्माण तथा मूल्याङ्कन परिषदलाई सहयोग पुऱ्याउँदछ ।

च) पाठ्यक्रममा भएका कमिकमजोरीहरु शिक्षक, विद्यार्थी, अभिभावक, विषय विशेषज्ञ आदिलाई जानकारी गराइ सुधार गरी अध्ययन अध्यापन गर्न मद्धत गर्दछ ।

छ) सरकारी तथा गैर सरकारी संघसंस्थाहरुलाई विविध शैक्षिक कार्यक्रम लागू गरी कार्यान्वयन गर्न र अनुसन्धान कार्यहरु पूरा गर्न मद्दत गर्दछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययन अनुसन्धानका उद्देश्यहरु निम्न छन्:-

क) माध्यमिक तहको सामाजिक अध्ययन विषय पाठ्यक्रमको उद्देश्यको सान्दर्भिकता पत्ता लगाउने ।

ख) सामाजिक अध्ययन पाठ्यक्रममा समावेश गरिएका पाठ्यवस्तुहरुको सबल र दुर्वल पक्षहरुको मूल्याङ्कन गर्ने ।

ग) माध्यमिक तहको सामाजिक अध्ययन विषय पाठ्यक्रममा उल्लेखित शिक्षण विधि र सामग्रीको औचित्य विश्लेषण गर्ने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

माथि उल्लेखित उद्देश्यहरु पूरा गर्न यस अध्ययन अनुसन्धानमा निम्न अनुसन्धानात्मक प्रश्नहरु राखिएका छन्:

क) माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रमले राखेका उद्देश्यहरुको राष्ट्रिय उद्देश्यसँग कस्तो सम्बन्ध छ ?

ख) सामाजिक अध्ययन पाठ्यक्रमका उद्देश्यहरु वर्तमान समय र समाजसँग सान्दर्भिक छन् ?

ग) सामाजिक अध्ययन पाठ्यक्रमका उद्देश्यहरुलाई कस्तो दृष्टिकोणले हेरिएको छ ?

घ) सामाजिक अध्ययन पाठ्यक्रमका पाठ्यवस्तुहरु उद्देश्यसँग सान्दर्भिक छन् ?

ङ) के पाठ्यवस्तुहरु उपयोगी, पर्याप्त र व्यहारिक छन् ?

च) के सामाजिक अध्ययन पाठ्यक्रमका विषयवस्तुहरु विद्यार्थीको रुची, आवश्यकता, क्षमता र स्तरअनुसारका छन ?

छ) विषयवस्तुको लम्बीय र क्षितिजीय संगठन मिलेको छ ?

ज) पाठ्यवस्तुहरुमा लचकता र गतिशीलता छ ?

झ) सामाजिक अध्ययन पाठ्यक्रमका शिक्षण विधि र सामग्रीहरु उद्देश्य पूरा गर्न सक्ने छन् ?

ञ) के शिक्षण विधि र सामग्रीहरु विद्यार्थीको स्तर र क्षमता अनुसारको छ ?

ट) के सामाजिक अध्ययन शिक्षणमा आधुनिक, स्वनिर्मित र स्थानीय वातावरणमा उपलब्ध शिक्षण सामग्रीको प्रयोग भएको छ ?

ठ) के सामाजिक अध्ययनमा क्षेत्रभ्रमण विधिलाई सही तरिकाले प्रयोग गरिएको छ ?

## १.६ अध्ययनको परिसीमाहरु

माध्यमिक तहमा सामाजिक अध्ययन विषयको पाठ्यक्रमको सार्न्दभिकता विषय अध्ययनको निम्ति तयार गरिएका उद्देश्यहरु पूर्ति गर्नका लागि अध्ययन क्षेत्रको सीमाङ्कन गर्नु आवश्यक छ । अध्ययन क्षेत्रको सीमाङ्कनले अध्ययन प्रक्रियालाई मार्गनिर्देशन गर्दै उचित निष्कर्षमा पुऱ्याउन र सफलतापूर्वक अध्ययन सुसम्पन्न गर्न सहयोग गर्दछ । पाठ्यक्रम एउटा पूर्ण शैक्षिक कार्यक्रम भएको हुनाले यसले सरोकारवाला, चासोकर्ता, लगानीकर्ता, योजनाकर्ता, मूल्याङ्कनकर्ता सेवाग्राही विद्यार्थी, शिक्षक, प्रशासक जस्ता व्यापक क्षेत्रका मानिसहरुसँग सम्बन्ध राख्दछ  र उनीहरुसँग सहयोगको अपेक्षा समेत गरिएको हुन्छ । यद्यपि यस अध्ययनलाई समयसापेक्ष अर्थपूर्ण र फलदायी बनाउन प्राप्त स्रोत, साधन, समय, आर्थिक र भौगोलिक अवस्थालाई मध्यनजगर गरी परिसीमामा बाँधिएको छ । तसर्थ यस अध्ययनका सीमाङ्कनहरु निम्नलिखित छन् :

क) चितवन जिल्लाको पूर्वी क्षेत्रमा अवस्थित खैरहनी स्रोत केन्द्रमा अध्ययनलाई सिमित गरिएको छ ।

ख) अनुसन्धानलाई माध्यमिक तह (कक्षा ९ र १०) को सामाजिक अध्ययन विषयमा केन्द्रित गरिएको छ ।

ग) खैरहनी स्रोतकेन्द्रका सामाजिक अध्ययन विषयका शिक्षक, प्रधानाध्यापक, विद्यालय निरीक्षक, विद्यार्थी र अभिभावकलाई अध्ययनको जनसङ्ख्या मानिएको छ ।

घ) अध्ययनलाई गुणात्मक अनुसन्धान ढाँचाका तरिकाहरु प्रयोग गरी सम्पन्न गरिएको छ ।

ङ) अनुसन्धानमा सामाजिक अध्ययन पाठ्यक्रमको उद्देश्य, पाठ्यवस्तु, शिक्षण विधि र सामग्रीलाई मात्र विषयवस्तुको रुपमा लिइएको छ ।

च) अनुसन्धानमा सहयोगी व्यक्तिहरुको प्रयोग नगरी अनुसन्धानकर्ता स्वयम्ले सूचना संकलन गरी व्याख्या र विश्लेषण गरिएको छ ।

# परिच्छेद- दुई

## सम्बन्धित साहित्यका पुनरावलोकन तथा सैद्धान्तिक खाका

अध्ययन अनुसन्धानकार्य कुनै पनि क्षेत्रमा देखिएका विद्यमान समस्याहरुलाई समाधान गर्ने उद्देश्य राखिएको हुन्छ । त्यससँग सम्बन्धित अध्ययनहरु पहिले देखिनै अनुसन्धान भएको हुनसक्छ । त्यही अध्ययनसँग सम्बन्धित विभिन्न अनुसन्धानात्मक लेख, रचनाहरु, पुस्तिकाहरु, प्रकाशन तथा शोधकार्य भएको हुन सक्छ । जसको अध्ययन बाट आफ्नो अध्ययनलाई सहज पार्न सकिन्छ । यस शोधपत्रको शीर्षक माध्यमिक तहमा सामाजिक अध्ययन विषयको पाठ्यक्रमको सान्दर्भिकता भएकोले यस अध्ययनलाई प्रभावकारी र यथार्थपरक बनाउन शोधशीर्षक सँग सम्बन्धित पूर्वसाहित्यको अध्ययनले पक्कै पनि अनुसन्धान कार्यलाई पूरा गर्न सहयोग गरेको छ ।

### २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

घिमिरे (२०५५) ले कक्षा ५ को सामाजिक शिक्षा विषयको पाठ्यक्रम, पाठ्यपुस्तक र उपलब्धिबीच सम्बन्ध शीर्षकमा अध्ययन गर्नुभएको थियो ।

यस अध्ययनका उद्देश्यहरुमा कक्षा ५ को सामाजिक शिक्षा विषयको पाठ्यक्रमले तोकेको क्षेत्र र क्रम अनुसार विषयवस्तुहरु समावेश भए नभएको तुलना गर्न, पाठ्यपुस्तक र जिल्ला स्तरीय परीक्षाबीचको सम्बन्ध केलाउनु, पाठ्यक्रमका सिकाइ उपलब्धि र विद्यार्थी उपलब्धी बीचको तुलना गर्न र पाठ्यक्रम र पाठ्यपुस्तक बीचको कमिकमजोरी पत्ता लगाइ सुधार गर्नुपर्ने पक्षको आवश्यक सुझावहरु पेश गर्नुरहेको थियो । उहाँले आफ्नो अध्ययनको प्राप्तिका पाठ्यक्रममा निर्धारित केही सिकाइ उपलब्धीलाई पाठ्यपुस्तकले समेट्न नसकेको, पाठ्यक्रमको सिकाइ उपलब्धि नं. १ “आफु र आफ्नो परिवार तथा छरछिमेकको सामान्य परिचय दिन’ भन्ने सिकाइ उपलब्धिलाई पाठ्यपुस्तकले समेट्न नसकेको, यसैगरी पाठ्यपुस्तकमा समावेश केही पाठहरु

जस्तै हामी नेपालको नक्सा कोरौं, हाम्रो प्रशासन, न्याय र निर्वाचन भन्ने पाठहरु, विद्यार्थीको स्तरभन्दा कठिन रहेको जस्ता प्राप्तिहरु उल्लेख गर्नुभएको थियो ।

ढकाल (२०५७) ले सार्वजनिक विद्यालयहरुमा कक्षा-८ को सामाजिक शिक्षा विषयमा र विद्यार्थी उपलब्धी बीचको सम्बन्धको बारेमा अध्ययन गर्नुभएको थियो ।

यस अध्ययनको प्राप्तिमा कक्षा आठको सामाजिक शिक्षा विषय २ वर्ष अघि देखि लागु भए पनि हालसम्म शैक्षिक निर्देशिका प्रकाशित नभएकोले सामाजिक विषय शिक्षणमा शिक्षकहरुले उचित विधिको प्रयोग गर्न नसकेको, कानुन र व्यवस्थापन विषय लिइ अध्ययन गरेको शिक्षकद्वारा शिक्षण भएको, शिक्षकहरुले दैनिक पाठयोजना बनाइ शिक्षण नगरेको, वार्षिक कार्ययोजनालाई पाठयोजना भनेको, अधिकांश शिक्षकहरुले शिक्षणका क्रममा अत्यन्तै कम शैक्षिक सामग्रीको प्रयोग गरेको तालिम प्राप्त र अप्राप्त शिक्षकहरुको शिक्षणमा उपलब्धी भने समान पाइएको कक्षाकोठा व्यवस्थापन समान किसिमले भएको, तालिम प्राप्त शिक्षकबाट पनि शिक्षक केन्द्रिंत विधि नै प्रयोग बढी भएको उल्लेख गर्नुभएको छ । मेरो अध्ययन अनुसन्धानको एउटा उद्देश्य पनि सामाजिक अध्ययन पाठ्यक्रममा उल्लेखित शिक्षण विधि र सामग्रीको औचित्य पुष्टि गर्नु रहेकोले यो उपयोगी छ भन्न सकिन्छ ।

कट्टेल (२०६५) ले पाठ्यक्रम प्रभावको मूल्याङ्कन शीर्षकमा लेख्नुहुन्छ - पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिसकेपछि त्यसको प्रभाव/असर सम्बन्धित क्षेत्रमा के कस्तो पर्‍यो सो को पहिचान गर्न निरन्तर  रुपमा पाठ्यक्रम मूल्याङ्कन गर्नुपर्ने हुन्छ । लागू गरिएको पाठ्यक्रमको प्रभावकारिता अध्ययन गरिनुपर्दछ । पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिहरु अनुरुपको सिकाइ व्यवहारमा परिवर्तन आएको छ, छैन ?अर्थात् तर्जुमा गरिएका सिकाइ उपलब्धिहरु सुहाउँदो सिकाइ व्यवहारहरु सिकारुले प्राप्त गर्न सके सकेनन् ? सिकारुको सिकाइ व्यवहारमा अपेक्षित परिवर्तन आएको छ छैन ? आदिको पहिचान गर्न कार्यक्रमको मूल्याङ्कन गर्नुपर्ने हुन्छ । पाठ्यक्रम मूल्याङ्कनबाट पाठ्यक्रमको प्रभावकारिता पत्ता लगाउन, सिकारुका सिकाइ व्यवहारहरु जाँच्न विभिन्न परीक्षाहरु जस्तोः लिखित परीक्षा, मौखिक परीक्षा तथा प्रयोगात्मक परीक्षा लिने गरिन्छ । उनीहरुको आचरण व्यवहारमा आएको परिवर्तन पहिचान गर्न अवलोकन गर्ने समुदाय, अभिभावक, शिक्षक, विशेषज्ञ आदिबाट उनीहरुको विचार, धारणा, एक्म् प्रतिक्रियाहरु सङकलन गरी गुणात्मक एवं परिमाणात्मक विश्लेषणबाट पाठ्यक्रमको प्रत्यक्ष प्रभावको मूल्याङ्कन गर्न मद्दत पुग्दछ ।

खनाल (२०६४) ले पाठ्यक्रम सिद्धान्त भन्ने पुस्तकमा पाठ्यक्रम योजनाका सिद्धान्तहरु शीर्षकमा बढी कार्यात्मक पाठ्यक्रमको सिद्धान्तको बारेमा उल्लेख गर्नुभएको छ । उहाँका अनुसार बढी कार्यात्मक पाठ्यक्रमको सिद्धान्त भन्नाले प्रगतिवादी आन्दोलनले जन्माएको पाठ्यक्रम योजना सम्बन्धी सिद्धान्त हो । खास गरी John Dewey को  प्रयोगशाला विद्यालय सम्बन्धी नमुना प्रकाशमा आएपछि यस सिद्धान्तले व्यापकता पाएको हो । जोन डिबेले सन् १८९६ मा सिकागो विश्वविद्यालय अन्तर्गत प्रयोगशाला विद्यालयको अवधारणा प्रकाशमा ल्याए । जसको परिणाम स्वरुप पर्खाल विनाको विद्यालय भन्ने अवधारणाको विकास भयो ।

प्रगतिवादी दर्शनको प्रभाव स्वरुप विषयवस्तु केन्द्रित पाठ्यक्रम सिद्धान्तको व्यापक आलोचना हुन थाल्यो । विषय केन्द्रित पाठ्यक्रम सिद्धान्तले विद्यार्थीहरुको रुची र आवश्यकताहरुलाई ध्यान नदिएको, पाठ्यक्रम विद्यार्थीको सामाजिक जीवनसँग असान्दर्भिक भएको, विद्यार्थीको क्रियाकलाप र सिर्जनात्मकतालाई बेवस्था बनाएको, व्यवहारिक र अनुभवमा आधारित सिकाइ प्रदान गर्न नसकेको, शिक्षा र जीवनबीचमा सान्दर्भिकता कायम गर्न नसकेको जस्ता आलोचनाहरु गर्दै पाठ्यक्रमलाई बढी कार्यात्मक बनाउनुपर्छ भन्ने कुरामा जोड दिइयो । बढी कार्यात्मक सिद्धान्तले पाठ्यक्रम विकासमा निम्न कुरालाई जोड दिएको छ ।

क) यसले विद्यार्थीको रुची, आवश्यकता र सामाजिक जीवनलाई ध्यान दिन्छ ।
ख) विद्यार्थीहरुको व्यक्तिगतछ भिन्नता, सिर्जनात्मकता, प्रवर्द्धनात्मकता कार्य, विकासात्मक कार्य, समस्या समाधान विधि गरेर सिक्ने अवसर आदिलाई ध्यान दिएर पाठ्यक्रम योजना र विकास गर्नुपर्दछ ।
ग) पाठ्यक्रम विकासमा शिक्षक र विद्यार्थीको प्रत्यक्षच सहभागिता हुनुपर्दछ ।

लुइँटेल (२०६७) का अनुसार पाठ्यक्रम भन्नाले शैक्षिक उद्देश्य, क्रियाकलाप, शिक्षण विधि एवं प्रविधि, सामग्री, मूल्याङ्कन र पृष्ठपोषण समष्टिलाई बुझिन्छ । पाठ्यक्रमकै आधारमा समग्र शैक्षिक प्रक्रियाहरु सञ्चालित हुन्छन् । यसका महत्वहरु धेरै छन् । जसमा शिक्षा क्षेत्रमा शैक्षिक उद्देश्यको निर्माणमा सहयोग गर्छ, उद्देश्य अनुरुपका पाठ्यवस्तु छनौट गर्न सहयोग गर्छ, सिकाई प्रक्रियाको निर्धारणमा विद्यार्थीको रुचि, क्षमता र आवश्यक्ता उमेर स्तर आदिको बोध गराउँदछ, शैक्षिक सामग्रीको निर्माणमा सहयोग गर्छ, विद्यार्थीमा देखापर्ने अनुभवहरुको लेखाजोखा गरी

नयाँ योजना बनाउन सघाउँछ, शिक्षक निर्देशिका र शैक्षिक सामग्री निर्माणमा सघाउँछ, शिक्षण संस्थालाई निर्देशन गर्छ, नयाँ ज्ञान प्राप्तिमा सहयोग गर्छ, मूल्याङ्कन प्रक्रियालाई प्रभावकारी बनाउँछ, शिक्षकको योग्यता, दक्षता एवं क्रियाशीलताको अध्ययन गर्ने काम गर्छ र सामाजिकरण गर्ने विस्तृत कार्ययोजना निर्माणमा सघाउँछ ।

श्रेष्ठ (२०६७) का अनुसार शिक्षण विधिहरुलाई २ भागमा विभाजन गरिएको छः-

१) शिक्षक केन्द्रित विधिः

क) व्याख्यान विधि ख) प्रदर्शन विधि

ग) छलफल विधि घ) प्रश्नोत्तर विधि

२) विद्यार्थी केन्द्रित विधिः

क) भ्रमयोगात्मक विधि ख) क्षेत्रभ्रमण विधि

ग) व्यक्तिगत अध्ययन विधि घ) लघु परियोजना विधि

ङ) सोध विधि च) समस्या समाधान विधि

छ) अध्ययनकार्य/गृहकार्य

भट्ट (२०६७) ले सामाजिक शिक्षा विषयको पाठ्यक्रम र पाठ्यपुस्तकको प्रभावकारिता विषयमा अध्ययन गर्नुभएको थियो । उहाँको अध्ययनको उद्देश्यहरुमा कक्षा-८ को सामाजिक शिक्षा विषयको पाठ्यक्रम र पाठ्यपुस्तकको कमिकमजोरी पत्ता लगाउनु, पाठ्यक्रम र पाठ्यपुस्तकलाई स्तरीय बनाउन सुझावहरु प्रस्तुत गर्नुभएको थियो । उहाँको अध्ययनबाट प्राप्त प्राप्तिहरुमा सामाजिक अध्ययन विषयको पाठ्यक्रम र पाठ्यपुस्तकहरुमा सामान्यबाहेक क्षेत्र र कम मिलेको, विद्यार्थीहरुको उपलब्धि स्तर उच्च रहेको, कक्षा-८ को यातायात पाठमा सडक दुरी कालोपत्रे, ग्राभेल र कच्ची कुन हो प्रस्ट नभएको, एकाइ-३ को पाठ २ को पूजा विधि र सामग्री पाठ्यपुस्तकमा प्रष्ट नभएको, एकाइ-६ को पाठ ३ मा नक्साहरु र सङ्केत नगरिएको र सुदूरपश्चिमाञ्चलको क्षेत्रफलमा त्रुटि रहेको, अन्य एकाइ ५ र ९ का नक्साहरु अपुरो र संकेत नभएको एकाइ ९ को अन्तिम पाठ पाठ्यपुस्तकमा नभएको पाठ्यपुस्तकमा चित्रहरु अस्पष्ट भएको, आन्तरिक र प्रयोगात्मक प्रणाली व्यवहारमा नल्याएको, शिक्षकहरुमा पुनर्ताजकी

तालिमको अभाव भएको, पाठ्यक्रम प्रभावकारी ढङ्गले उपलब्ध र कार्यान्वयन हुन नसकेको, व्याख्यान विधिको प्रयोग शिक्षणमा अधिक भएको, अध्यापनमा ज्ञान पक्षलाइ बढी जोड दिएको, पाठ्यपुस्तकमा नयाँ तथ्याङ्कको अभाव भएको, सामाजिक अध्ययनमा विद्यार्थीको ज्ञान राम्रै भएको पाइयो ।

यस अध्ययन मेरो अनुसन्धानसँग धेरै हदसम्म मिल्दो जुल्दो रहेकोले यसबाट प्राप्त ज्ञानका आधारहरु मेरो अध्ययनको लागि उपयोगी छ । पाठ्यक्रमको प्रभावकारिता चाँहि एकदमै मिल्दो जुल्दो विषय बनेकोले पाठ्यक्रमको प्रभावकारीताको विश्लेषणमा काम लाग्दछ ।

पराजुली (२०५६) ले नेपालको प्राथमिक तहको पाठ्यक्रमको सन्दर्भिकता शीर्षकमा अध्ययन गर्नुभएको थियो । यस अध्ययनको प्राप्तिहरुमा उहाँले पाठ्यक्रम सही हुँदाहुँदै पनि शैक्षिक सामग्री अभाव, तालिम प्राप्त शिक्षकको अभाव, कार्यान्वयनमा नदेखिएको सचेतताले गर्दा उपयोगी हुन सकेन । केही शिक्षकहरुले भने शिक्षक निर्देशिका र पाठ्यांशहरुको भरमा मात्र शिक्षण गरेको पाइयो । शिक्षणमा पाठ्यक्रमका तत्वहरुले शिक्षकहरुलाई उचित मार्गदर्शन गर्न सक्दो रहेछ । शिक्षकहरुमा भएको पाठ्यक्रम प्रतिको सकारात्मक धारणाले पनि यसको प्रयोगमा प्रभावकारी भूमिका खेल्न सक्दो रहेछ ।

शिक्षा विभागको शैक्षिक अध्ययन प्रतिवेदन (ODE, 2061 BS) ले पाठ्यक्रम र शिक्षण सँग सम्बन्धित निम्न तथ्यहरु प्रस्तुत गरेको थियो :-

क) ६४ प्रतिशत शिक्षकहरुले मात्र विद्यालयमा पाठ्यक्रमको अध्ययन गर्दा रहेछन् र मात्र ३० प्रतिशतले पाठ्यक्रमलाई उत्तरदायी हिसाबले शिक्षणमा प्रयोग गर्दा रहेछन् ।

ख) ९८ प्रतिशत शिक्षकहरु बिना पाठयोजना शिक्षण गर्दा रहेछन् र एक तिहाइ शिक्षकहरुले मात्र कालोपाटीको उचित प्रयोग गर्दा रहेछन् । त्यस्तै पुस्तक र अन्य शैक्षिक सामग्रीहरु पनि ।

ग) कक्षा शिक्षणका क्रममा ७१ प्रतिशत शिक्षकहरुले थोरै मात्र विविध शिक्षण-सिकाइ रणनीतिहरुको प्रयोग गर्दा रहेछन् । नत्र सधैं जस्तो उही खालका रणनीतिहरुको उपयोग हुँदो रहेछ । सञ्चालित विद्यालयमा काठमाण्डौं भ्यालीभित्र सञ्चालित विद्यालयमा निरन्तर

मूल्याङ्कनको अभ्यास (२०६१) शीर्षकमा गरिएको अनुसन्धानको नतिजा तल उल्लेख गरिएको छ ।

क) अवलोकन गरिएका ९० प्रतिशत विद्यालयहरुले अर्धवार्षिक र वार्षिक परीक्षा प्रणाली अनुसार निर्णयात्मक मूल्याङ्कन प्रणालीलाई अवलम्बन गरेका रहेछन् भने २०% विद्यालयहरुले मात्र गृहकार्य चेक गर्ने र पृष्ठपोषण प्रदान गर्ने कार्य गर्दा रहेछन् ।

ख) शिक्षकहरुले अधिंकाश अवस्थामा धेरै जान्ने विद्यार्थीहरुसँग मात्र शिक्षण सिकाइको समयमा अन्तर्क्रिया गर्दा रहेछन् भने बाह्र प्रतिशत शिक्षकहरुले मात्र बालमैत्रीपूर्ण शिक्षण संस्कृतिको विकास गरेका रहेछन् । सहकार्य र उचित वाताबरणमा शिक्षण गर्ने शिक्षकको संख्या कमै रहेछ ।

ग) आधुनिक चिन्तन अनुसार विद्यार्थी केन्द्रित शिक्षण विधि, निरन्तर मूल्याङ्कन प्रणाली, व्यक्तिगत शिक्षण जस्ता कुराहरु परिकल्पनामा मात्र सिमित रहे भनि व्यवहारमा कमै प्रयोग भएको पाइयो ।

गणेश बहादुर सिंहले फर्मेटिभ रिसर्च प्रोजेक्टमा गरेको अध्ययनका प्राप्तिहरु निम्न छन् ।

पाठ्यक्रम र शिक्षक निर्देशिका भन्दा पाठ्यपुस्तकको प्रयोग अधिकांश शिक्षकले कक्षा शिक्षणमा प्रयोग गर्दा रहेछ । केही शिक्षकहरुले मात्र शिक्षक निर्देशिकाको अध्ययन गरी पाठको तयारी गरी कक्षा शिक्षण गर्दारहेछन् । पाठ्यक्रम अध्ययन गरेर त्यसको सम्बन्धमा परामर्श गरी अध्ययन अभ्यापनमा प्रयोग गर्ने शिक्षकहरु अति न्यून संख्यामा रहेछन् । पाठ्यक्रम र शिक्षक निर्देशिकाको अध्ययन गरी त्यसको कक्षा शिक्षण अभ्यासमा प्रयोग गर्दा अत्युत्तम शिक्षण सिकाइ कार्य सम्पन्न हुँदोरहेछ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

पुनरावलोकन पाठ्यक्रम विशेषज्ञ, अनुसन्धानकर्ता र सम्बन्धित विज्ञहरुले दिएको धारणाहरुसँग सम्बन्धित छ । त्यस्ता धारणाहरुले सम्बन्धित क्षेत्रमा गहिरो ज्ञान प्रदान गर्दछ । त्यसैगरी यसले विभिन्न सुझ र वैकल्पिक तरिकाहरु पनि लक्ष पत्ता लगाउन प्रदान गर्दछ । पाठ्यक्रम योजना, अभ्यास र कार्यान्वयनका क्षेत्रमा विभिन्न सैद्धान्तिक धारणाहरु प्रदान गर्दछ । जसले समाजमा

पाठ्यक्रमको भूमिका सम्बन्धमा आधुनिक बिचार र चिन्तनहरुको विकास गराउँदछ । यस अनुसन्धानका लागि मैले अध्ययन गरेका सिद्धान्त र विचारहरु यस प्रकारका छन्:-

भट्टराई, धामी (२०६६) का अनुसार पाठ्यक्रम एउटा शैक्षिक क्रियाकलापको मेरुदण्ड भएको हुनाले यसका निम्न विशेषताहरु हुनु आवश्यक छ -

क) कार्यमूलकः- पाठ्यक्रम कार्यमूलक स्वभावको हुनुपर्दछ । पाठ्यक्रममा निर्दिष्ट सिकाइ विषयवस्तुहरुले सिकारुमा कार्य गर्ने क्षमता वृद्धि गर्नुका साथै जीवनयापनका क्रममा अर्थात काम गर्ने सिलसिलामा काममा आउने हुनुपर्दछ । कार्य गर्ने सीपमा अभिवृद्धि गर्न सक्नुपर्दछ र व्यवहारिक हुनुपर्दछ ।

ख) व्यापकताः- पाठ्यक्रममा व्यापकताको गुण हुनुपर्दछ । यसले विभिन्न किसिमका सिकाइ अनुभवहरु उपयोगी विषयवस्तुहरु र सर्वाङ्गीण विकासका लागि विभिन्न किसिमका क्रियाकलापहरु समेट्न सक्नुपर्दछ । यस्तो पाठ्यक्रम बढी ज्ञान, बोधयुक्त हुन्छ । पाठ्यक्रममा पर्याप्तताको विशेषता भएमा यस्तो पाठ्यक्रम व्यापक मानिन्छ ।

ग) गतिशील र लचिलोः- समयको गतिसँगै परिवर्तन गर्न सकिने, हेरफेर र थपघट गर्न सकिने किसिमको अर्थात् लचिलो हुनुपर्दछ । परिवर्तित अवस्थाअनुसार छिट्टै र सजिलै परिमार्जन गर्न सकिने पाठ्यक्रमकै असल पाठ्यक्रम हो ।

घ) उपयोगिता उन्मुखः- समय परिस्थिति र आवश्यक अनुसार पाठ्यक्रममा निर्दिष्ट सिकाइ उपलब्धिहरु उपयोगमा आउन सक्नुपर्दछ । उपयोगिताको गुण नभएको पाठ्यक्रमको कुनै महत्व र व्यहारिक प्रयोगमा आउन सक्नुपर्दछ । उपयोगिताको गुण नभएको पाठ्यक्रमको कुनै महत्व र व्यवहारिक प्रयोग हुँदैन ।

ङ) सिर्जनात्मक, क्रियाकलाप र अनुभव केन्द्रितः- पाठ्यक्रम सिर्जनात्मक हुनुपर्दछ । बालकको मनोवैज्ञानिक क्षमतामा आधारित पाठ्यक्रम भएमा सकाइ सफल हुन्छ । बालकको आवश्यकता र रुची अनुसार सिकाइ अनुभव उपलब्ध गराउने पाठ्यक्रम हुनुपर्दछ । यस्तो पाठ्यक्रम मात्र सिर्जनात्मक, क्रियाकलाप र अनुभव केन्द्रित मान्न सकिन्छ ।

च) सान्दर्भिक र मौलिकः- पाठ्यक्रम सिकारु समाज, देश, काल र परिस्थितिसँग मिल्दो हुनुपर्दछ । यसो भएमा मात्र निर्धारित उद्देश्यहरु प्राप्त गर्न सकिन्छ । यसलाई नै सान्दर्भिक पाठ्यक्रम मान्न सकिन्छ । त्यस्तै पाठ्यक्रममा समेटिने समाग्रीहरु अन्य मुलुकबाट सोझै आयात नगरी आफ्नै राष्ट्रिय संस्कृतिसँग मेल खाने हनुपर्दछ । देश र समाजको आफ्नोपन झल्किनुपर्छ ।

Ralph W. Tyler ले (उद्‌त खनाल- २०६४) सिकाइ अनुभवहरुको सङ्गठन गर्ने ३ धारणाहरु उपयोग गर्नुपर्ने कुरामा जोड दिएका छन्:-

**क) निरन्तरता:**

सिकाइ अनुभवहरुको सङ्गठन गर्ने प्रथम आधार सिकाइ अनुभवहरुको निरन्तरता हो । निरन्तरता भन्नाले पाठ्यक्रमका सिकाइ अनुभवहरुको ठाडो वा लम्बिय सङ्गठन हो । समयका आधारमा प्रत्येक तहमा सिकाइ अनुभवहरुको अभ्यास गर्ने अवसर प्रदान गर्न ठाडो रुपमा सिकाइ अनुभवहरुको सङ्गठन गर्ने कार्य नै निरन्तरता हो ।

**ख) क्रम:**

सिकाइ अनुभवहरुको क्रम भन्नाले बढ्दो क्रममा सिकाई अनुभवहरुको सङ्गठन हो । अर्को अर्थमा प्रत्येक तह र समयमा सिकाइ अनुभवहरुको व्यापकता र गहनता वृद्धि गर्नु नै सिकाइ अनुभवहरुको क्रम हो ।


**ग) समन्वय:-**

समन्वय भन्नाले सिकाइ अनुभवहरुको तेस्रो वा द्धितीय सङ्गठन हो । अर्को अर्थमा सिकाइ अनुभवहरुको तेर्सो सङ्गठन भन्नाले विभिन्न ज्ञानका क्षेत्रहरु वा विषय क्षेत्रहरु बीचको. सिकाइ अनुभवहरुमा सम्बन्ध स्थापित गर्नु हो ।

L.D. WHIT (1968) का अनुसार विकेन्द्रिकरणको सिद्धान्त अनुसार स्थानीय निकायहरुले आफ्नो क्षेत्रका व्यक्तिका आवश्यकता अनुसार त्यसलाई पूरा गर्न सहयोग गर्ने गरी शैक्षिक कार्यक्रम बनाउने, योजना तर्जुमा गर्ने, परिवर्तित समय अनुसार समाज र राज्यले खोजेको पाठ्यक्रम तयार पार्ने र सोही अनुसारको पाठ्यपुस्तक तयार गर्ने, अनुगमन गर्ने, मूल्याङ्कन गर्ने र स्थानीय सरोकारवाला शिक्षक, विद्यार्थी, अभिभावक, शैक्षिक संस्थाका मानिसहरुलाई संलग्न गराइ जनमानसमा शैक्षिक कार्यक्रमहरु प्रति उत्तरदायित्व र स्वामित्वको भावना अभिवृद्धि गरी सहभागितामूलक र साझेदारी व्यवस्थापनको अवधारणामा अग्रसरता दिनुपर्दछ । सर्वमान्य चिन्तनमा महत्वपूर्ण रहस्य लुकेको हुन्छ । सैद्धान्तिक अवधारणामा आधारित भएर व्यवहारिक पक्षको परिचालन गर्दा सिद्धान्त विशेषण आवश्यक मानिन्छ । विकेन्द्रीकरणको सिद्धान्त अनुसार विकासको प्रतिफल तल्लो तह सम्म पुऱ्याइ कार्यान्वयन गर्ने दायित्व स्थानीय तहको हुन्छ ।

विभिन्न विद्धानहरुले विभिन्न विषयवस्तुहरु सँग सम्बन्धित फरक फरक सिद्धान्तहरु प्रकाशन गरी सकेकाछन् । हालसम्म निमार्ण भएका विभिन्न सिद्धान्तहरुमध्ये मैले आफ्नो शोध विषयको अनुसन्धान पुरा गर्न विकेन्द्रिकरणको सिद्धान्तलाई उपयोग गर्ने निर्णय गरेको छु । L.D. White (1968) को विकेन्द्रिकरणको सिद्धान्तअनुसार स्थानीय निकायहरुले आफ्नो क्षेत्रका व्यक्तिको आवश्यकताहरु पूरा गर्न सहयोग गर्ने शैक्षिक कार्यक्रमको योजना बनाउने, योजना तर्जूमा गर्ने, परिवर्तित समय अनुसार समाज र राज्यले खोजेको पाठ्यक्रम तयार पार्ने र सोहि अनुसारको पाठ्पुस्तक तयार गरी अध्यापन गर्ने, अनुगमन गर्ने, मूल्याङ्कन गर्ने र स्थानीय सरोकारवाला शिक्षक, विद्यार्थी अभिभावक र शैक्षिक संस्थाका मानिसहरुलाई संलग्न गराई जनमानसमा शैक्षिक कार्यक्रमहरु प्रति स्थायित्व र स्वामित्वको भावना अभिवृद्धि गरी सहभागिता र साझेदारी व्यवस्थापनको अवधारणामा अग्रसरता प्रदान गर्नु पर्दछ ।

**विकेन्द्रिकरणको अवधारणा**





स्रोत : अधिकारी, २०६४

विकेन्द्रिकरणको सिद्धान्त अनुसार विकासको प्रतिफल तल्लो तहसम्म पुऱ्याई कार्यान्वयन गर्ने दायित्व स्थानिय तहको हुन्छ यस अध्ययनको सन्दर्भमा पनि स्थानिय सरोकारवालाहरु जस्तै शिक्षक, विद्यार्थी, विद्यालय निरीक्षक, प्रधानाध्यापक, अभिभावक आदिलाई समेटी सबैको सुझावलाई शिरोधार्य गरी निष्कर्षमा पुगिनेछ । माध्यमिक विद्यालयमा लागू भई कार्यान्वयनको अवस्थामा रहेको पाठ्यक्रमका लक्ष्य तथा उद्देश्यहरु र ति उद्देश्यअनुसारका पाठ्यवस्तुहरुमा स्थानिय रुपमा रहेका चाडपर्व, संस्कृति तथा जल्दो बल्दो समस्याहरुलाई समेटेर सोहि अनुसारका विधि, क्रियाकलाप, सामग्री र मूल्याङ्कनलाई जोड दिनु पर्दछ । ज्ञानको विस्फोन

भएको वर्तमान समयमा विज्ञान र प्रविधि अनि समसमायिक विषयवस्तुलाई पाठ्यक्रमले स्थान दिनु पर्दछ । त्यस्तै पाठ्यक्रम निमार्णमा स्थानीय परिवेश र समाजको आवश्यकता पहिचान गरी त्यस बाट प्राप्त उपलब्धलाई समेटिनु पर्दछ । त्यस्ता कुराहरु विकेन्द्रिकरणको सिद्धान्तसँग सम्बन्धित छन् । स्थानीय सरोकारवालाहरुसँग हातेमालो गरी योजना र व्यवस्थापन गरिएको पाठ्यक्रमनै समय सान्दर्भिक हुन सक्दछ यसरी पाठ्यक्रमको निर्माण र कार्यान्वयमा विकेन्द्रिकरणको अवधारणा लागु गर्न सकेमा समसमायिक, उचित र अपेक्षित पाठ्यक्रम बन्न सक्दछ भन्ने कुरालाई यस सिद्धान्तले पुष्टि गर्दछ ।

अध्ययन अनुसन्धान एक जटिलकार्य हो यसका लागि विशेष सिप, दक्षता र बौद्धिकताको खाचो पर्दछ । माध्यमिक तहमा सामाजिक अध्ययन विषयको सान्दर्भिकता शीर्षकमा अध्ययन सुरुवात गरी विविध विषयवस्तुका तथ्याङ्क संकलन र विश्लेषणबाट निष्कर्षमा पुग्नकालागि मैले निम्न अनुसारको अवधारणात्मक ढाँचा निर्माण गरेको छु :-

**अवधारणात्मक ढाँचा**



## २.३ शैक्षिक उपादेयता

कुनै पनि  कार्य गर्न एकअर्काको सहयोग, सद्भाव, समन्वय आदिको जरुरत पर्दछ भन्ने कुरामा कसैको दुईमत रहनै सक्दैन । सिकाइ औपचारिक र अनौपचारिक, प्रत्यक्ष र अप्रत्यक्ष, व्यक्तिगत र सामुहिक, आकस्मिक, सांकेतिक विभिन्न प्रकारले हुने गर्दछ । एक तहमा सिकेका कुराहरुलाई आधार बनाएर नै अन्य सिकाइ भइरहेको हुन्छ । जति पनि लेखकहरु छन् उनीहरुले कसैको न कसैको लेखरचनाहरुलाई समन्वय गरी नयाँ लेखरचनाहरु लेख्नु भएको पक्कै पनि होला । त्यसैले त पहिलेको पुस्तक, लेख, रचना, साहित्य जस्ता कुराहरु सुधारिएर आएको हुनुपर्दछ ।

यस ‘शोधपत्र’ तयार गर्न विभिन्न साहित्यिक लेखरचना, पाठ्यपुस्तक, सैद्धान्तिक खाका, पहिले गरेका शोधपत्रहरुको पुनरावलोकन गरी त्यसबाट प्राप्त अनुभव र शिक्षालाई शोधकार्यमा उपयोग गरेको छु । ‘माध्यमिक तहमा सामाजिक अध्ययन विषयको पाठ्यक्रमको सान्दर्भिकता’ शीर्षक चयन गरी यसका उद्देश्य निर्माण गर्न, परिचय लेख्न, अनुसन्धानात्मक प्रश्नहरु तयार गर्न, प्रश्नावली तयार पार्न, अन्तर्वाता अनुसुची तयार गर्न लगायत धेरै विषयवस्तुहरु तयार गरी सिङ्गो सोध प्रस्तावना तयार पार्न सहयोग प्राप्त गरेको छु । त्यसैगरी विभिन्न साधनहरुको उपयोग गरी तथ्याङ्क सङ्कलन गर्न, विश्लेषण गर्न, निष्कर्ष, प्राप्ति र सुझाव उल्लेख गर्न सहयोग प्राप्त भएको छ ।

यस अनुसन्धानबाट प्राप्त नतिजा विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुलाई उपयोगी हुनेछ । यस विषयसँग सम्बन्धित अनुसन्धान गर्न चाहने जो कोहीलाई पनि यसले मद्दत नपुर्‍याउला भन्न सकिन्न । यस अध्ययनका क्रममा विभिन्न लेख, रचना, पत्रपत्रिका, विशेषज्ञका राय, सुझाव र अनुसन्धानको सम्बन्धित क्षेत्रबाट प्राप्त गरिएका तथ्याङ्कहरुलाई व्याख्या विश्लेषण गरी सरल तरिकाले निचोडमा पुर्‍याइएको हुनाले सबैका लागि बुझ्न सजिलो र उपयोगी पनि हुनेछ भन्ने विश्वास लिएको छु ।

# परिच्छेद-तीन
# अध्ययनको विधि र प्रक्रियाहरु

कुनै पनि कार्यमा तोकिएको उद्देश्य पूरा गर्न उचित तरिकाबाट कार्य अगाडि बढाउनु पर्दछ । यस अनुसन्धान कार्यमा तोकिएका उद्देश्य पूरा गर्न निश्चित तरिका अपनाई अध्ययन कार्य अगाडि बढाइएको छ । विशेषत : अनुसन्धान ढाँचा, तथ्याङ्कका स्रोत र प्रकृति, अध्ययनका सीमा भित्रका जनसंख्या, नमूना छनौट, तथ्याङ्क संकलनका साधन र यसको बैधता तथा तथ्याङ्कको विश्लेषणको आधारमा स्पष्ट खाका तयार गरी अनुसन्धान कार्य अगाडि बढाइएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

कुनै पनि अनुसन्धान कार्य सम्पन्न गर्न त्यत्ति सहज हुँदैन । यो एउटा जटिल कार्य भएको हुनाले सहजिकरण गरी उद्देश्य हासिल गर्न निश्चित उपायहरु वा विधिको. आवश्यकता पर्दछ । 'माध्यमिक तहमा सामाजिक अध्ययन विषयको पाठ्यक्रमको सान्दर्भिकता' पत्ता लगाउनु यस अध्ययनको मुख्य विषय रहेकोले खास गरी जनसङ्ख्याको रुपमा यस विषय अध्यापन गर्ने शिक्षक, विद्यार्थी, वि.नि, अभिभावकलाई समावेश गरिएको छ । नमुना छनौटमा परेकाहरुबाट प्राथमिक तथ्याङ्कको स्रोत अन्तर्वाता र प्रश्नावली भराइ सूचना सङ्कलन गरिएको छ । त्यस्तै अवलोकनबाट पनि तथ्याङ्क लिइएको छ ।  यसबाट प्राप्त सचनाहरुलाई तालिका, चार्ट, ग्राफ, चित्र आदिको प्रयोग नगरी वर्णनात्मक विधिबाट शाब्दिक विश्लेषण गरिने भएकोले यो अनुसन्धानमा मूलत गुणात्मक अनुसन्धान भए पनि केही तथ्याङ्कीय विवरणहरुलाई अङ्क र प्रतिशतमा समेत देखाइएको छ ।

## ३.२ जनसङ्ख्या र नमुना छनौट

चितवन जिल्ला अर्न्तगत खैरहनी स्रोत केन्द्र भित्र रहेका सबै सामुदायिक र संस्थागत माध्यमिक विद्यालय,  त्यहाँ सामाजिक विषय अध्यापन गर्ने शिक्षक, प्रधानाध्यापक, अध्ययनरत विद्यार्थीहरु, त्यस स्रोत केन्द्रका वि.नि,  अभिभावक सबै यस अध्ययनको जनसङ्ख्या भित्र पर्दछन् । यस विद्यालयमा  उद्देश्यमूलक नमूना छनौट विधि प्रयोग गरी खैरहनी स्रोतकेन्द्र अर्न्तगत सञ्चालित

३ वटा  सामुदायिक र ३ वटा संस्थागत मा.वि. का १/१ जना गरी ६ जना सामाजिक विषय अध्यापन गर्ने शिक्षक, प्रत्येक विद्यालयका ६ प्र.अ., १ वि.नि. र एक विद्यालयको ४ जनाको दरले २४ जना विद्यार्थीहरु र १२ जना अभिभावकहरुलाई नमुनाको रुपमा छनौट गरेको थिएँ ।

### ३.३ तथ्याङ्कका स्रोतहरुः

#### क) प्राथमिक तथ्याङ्कको स्रोत

प्राथमिक स्रोतबाट तथ्याङ्क सङ्कलन गर्न अनुसन्धानकर्ताद्वारा शिक्षक, प्र.अ. र वि.नि. का लागि एउटै प्रकारको अन्तर्वार्ता प्रश्नावली प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ भने अभिभावकको लागि बन्द प्रश्नावली प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । विद्यार्थीको लागि पनि प्रतिक्रियाका लागि अन्तर्वार्ता प्रश्नावली नै प्रयोग गरिएको छ । त्यस्तै प्रत्यक्ष अवलोकनबाट पनि अध्ययनका लागि आवश्यक तथ्याङ्क संकलन गरिएको छ ।

#### ख)  द्वितीय स्रोत

तथ्याङ्कको द्वितीय स्रोतको रुपमा सामाजिक अध्ययन पाठ्यक्रम र त्यससँग सम्बन्धित अन्य पाठ्यपुस्तक, पत्रपत्रिका,  लेखरचना जस्ता डकुमेन्टस् अध्ययन गरी तथ्याङ्कहरु  लिइएको छ ।

### ३.४ अनुसन्धानको विधि तथा साधनहरु

यस अनुसन्धान कार्यलाई सम्पन्न गर्नको लागि प्रश्नावली, अन्तर्वाता अनुसूची, छलफल, अवलोकन डकुमेन्टस् अध्ययन जस्ता साधनहरुको प्रयोग गरी गुणात्मक तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

यस अध्ययन अनुसन्धानकर्तालाई सम्पन्न पार्नका लागि नमुना छनौटमा परेका २४ जना विद्यार्थीहरुलाई अन्तर्वार्ता अनुसूचिको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । त्यसैगरी नमुना छनौटमा परेका ६ जना शिक्षक, प्र.अ.,वि.नि. तीनै थरीलाई एउटै अन्तर्वार्ता अनुसूचि

प्रयोग गरी अन्तर्वार्ता सञ्चालन गरी शाब्दिक तथ्याङ्क सङ्कलन गरिएको छ भने १२ जना अभिभावकहरुलाई सामाजिक अध्ययन विषयको सान्दर्भिकता सम्बन्धी बन्द प्रश्नावली प्रयोग गरी सूचनाहरु सङ्कलन गरिएको छ । अन्य उपयोगी र आवश्यक तथ्याङ्क संकलनको लागि प्रत्यक्ष अवलोकन, डकुमेन्स् स्टडी उपयोग गरी प्राथमिक र द्वितीय तथ्याङ्कहरु संकलन गरिएको छ ।

### ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

कुनै पनि अनुसन्धान कार्यलाई निश्कर्षमा पुऱ्याउनको लागि प्राप्त तथ्याङ्कहरुलाई व्याख्या र विश्लेषण गर्ने कार्य गरिन्छ । यस अनुसन्धानमा पनि प्राप्त गुणात्मक तथ्याङ्कहरुलाई शाब्दिक रुपमा व्याख्या र विश्लेषण गरिएको छ । तथ्थाङ्क विश्लेषणमा अरु कुनै साधनको प्रयोग नगरी मानवीय साधनको नै प्रयोग गरिएको छ । विभिन्न क्षेत्रबाट सङ्कलित शाब्दिक तथ्याङ्कलाई ट्र्याङ्गुलेसन प्रक्रिया अपनाई व्याख्या र विश्लेषण गरी निष्कर्ष निकाल्ने कार्य सम्पन्न गरिएको छ ।

# परिच्छेद-चार

# तथ्याङ्कको व्याख्या र विश्लेषण

कुनै पनि अनुसन्धान कार्यका लागि निश्चित उद्देश्यमा आधारित रहेर सर्वप्रथम तथ्याङ्कहरुको सङ्कलन गरिन्छ । सङ्कलित तथ्याङ्कलाई उचित व्यवस्थापन गरेपछि त्यसैमा आधारित रहेर व्याख्या र विश्लेषण गरिन्छ । यस अध्ययनमा, अध्ययनको उद्देश्य माध्यमिक तहको सामाजिक अध्ययन विषय पाठ्यक्रमको उद्देश्यको सान्दर्भिकता पत्ता लगाउने, सामाजिक अध्ययन पाठ्यक्रम समावेश गरिएका पाठ्यवस्तुहरुको सबल र दूर्बल पक्षहरुको मूल्याङ्कन गर्ने, सामाजिक अध्ययन विषय पाठ्यक्रममा उल्लेखित शिक्षण विधि र सामग्रीको औचित्य विश्लेषण गर्ने राखिएको थियो । यिनै उद्देश्यहरु पूरा गर्नको लागि चितवन जिल्ला खैरहनी स्रोत केन्द्र अन्तर्गत छनौटमा परेका सामुदायिक र संस्थागत विद्यालयहरुमा गई विषय शिक्षक, प्र.अ., वि.नि., अभिभावक र विद्यार्थीहरुसँग अनुसूची १, २ र ३ लाई परीक्षण गरी त्यसबाट सङ्कलित तथ्याङ्कहरुलाई निम्नानुसार व्याख्या र विश्लेषण गरेको छु :-

## ४.१ माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रमको उद्देश्यको सान्दर्भिकता

वर्तमान परिप्रेक्षमा सामाजिक अध्ययन विषय नेपालको शिक्षामा प्राथमिक तह देखि माध्यमिक तहसम्म अनिवार्य विषयको रुपमा अध्ययन अध्यापन गरिँदै आएको छ । सामाजिक अध्ययन विषय विभिन्न सामाजिक विज्ञानका विषयहरुलाई जोडेर सिङ्गो विषयको रुपमा तयार पारिएको छ । कुनै पनि देशले राखेका राष्ट्रिय उद्देश्यलाई विभिन्न तह र विषयका पाठ्यक्रमका उद्देश्यले पूरा गर्नुपर्छ । यस अनुसन्धानको एउटा उद्देश्य सामाजिक अध्ययन विषय पाठ्यक्रमको उद्देश्यको सान्दर्भिकता रहेको हुनाले अनुसन्धानबाट प्राप्त तथ्याङ्कको आधारमा उद्देश्यको सान्दर्भिकतालाई निम्न उपशीर्षकहरुमा व्याख्या विश्लेषण गरिएको छ ।

### ४.१.१ उद्देश्यको राष्ट्रिय उद्देश्यसँग सम्बन्ध कस्तो छ ?

राष्ट्रिय उद्देश्य राष्ट्रिय लक्ष्यसँग सम्बन्धित छ । त्यसैगरी राष्ट्रिय उद्देश्यलाई पूरा गर्न तहगत, कक्षागत, विषयगत उद्देश्यहरु राखिएका हुन्छन् । यस अध्ययनमा अन्तर्वार्तामा संलग्न अधिकांश

वि.नि., शिक्षक र प्र.अ. ले शिक्षाको राष्ट्रिय उद्देश्यको जानकारीहरु आफूहरुलाई रहेको प्रतिक्रिया दिएको पाइयो । त्यसैगरी के तपाईलाई माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रमले राखेका उद्देश्यहरु जानकारी छ भन्ने प्रश्नको जवाफमा संस्थागत विद्यालयभन्दा सामुदायिक विद्यालयका विषय शिक्षकले त्यसको जवाफ उपयुक्त ढंगले दिएको पाइयो । अधिकांश शिक्षक र विद्यालयमा सामाजिक अध्ययन पाठय्क्रम पनि उपलब्ध भएको रहेनछ । के सामाजिक अध्ययन पाठ्यक्रमका उद्देश्यहरुले राष्ट्रिय लक्ष्य तथा उद्देश्यहरु पूरा गर्न सहयोग गर्छन् त ? भन्ने सवालमा धेरै सहभागीहरुले सहयोग पुऱ्याउँछ भन्ने जवाफ दिए । २५ प्रतिशत सहभागीले भने राष्ट्रिय उद्देश्य पूरा गर्न यसको पाठ्यभारअनुसार समयभार बढाउनुपर्छ भन्ने जवाफ दिए । त्यस्तै सामाजिक अध्ययन विषय समयको माग हो भन्ने सवालमा ९५ प्रतिशत अभिभावकले पूर्णसहमत जनाए भने ९२ प्रतिशत अभिभावकले सामाजिक अध्ययन पाठ्यक्रम माध्यमिक तहमा समावेश गर्नु राम्रो कुरा हो भनी पूर्ण सहमत जनाए । यस सम्बन्धी पूर्व अध्ययनमा पनि यस्तै धारणा प्राप्त भएको रहेछ । मेरो भनाइ पनि त्यस पाठ्यक्रमका उद्देश्यहरुलाई उचित कार्यान्वयन गर्न सके राष्ट्रिय उद्देश्यलाई पूर्णता प्रदान गर्न सहयोग गर्छ भन्ने नै हो ।

### ४.१.२ उद्देश्यको समय र समकालीन समाजसँग सान्दर्भिकता

हरेक पाठ्यक्रमको उद्देश्य समयअनुसार परिवर्तनशील हुनु आवश्यक छ । त्यसमा पनि सामाजिक अध्ययन जस्तो विषयको पाठ्यक्रम समयसान्दर्भिक हुन सकेन भने समाज धेरै पछाडि पर्दछ । विश्वमा भइरहेका घटना, विकासनिर्माण र परिवर्तनलाई उचित समयमा विद्यार्थी माफ ल्याउन सकेन भने त्यो पाठ्यक्रमको कुनै अर्थ छैन । तसर्थ यहाँ पाठ्यक्रमको उद्देश्य समयसान्दर्भिक कतिको छ त भन्ने कुरालाई व्याख्या र विश्लेषण गरिएको छ ।

अध्ययनको क्रममा बढी शिक्षकहरुले सामाजिक अध्ययन विषयको पाठ्यक्रमका उद्देश्यहरु समय सान्दर्भिक रहेको बताए । त्यसैगरी केही शिक्षकहरुले भने यस पाठ्यक्रमका उद्देश्यहरु समयसान्दर्भिक नरहेको प्रतिक्रिया दिए । किन समय सान्दर्भिक छैन त ? भन्ने प्रश्नमा हाम्रो देशको पाठ्यक्रममा प्रत्येक वर्ष सुधार हुँदैन । यसो नहुँदा विश्वमा पहिल्यै आइसकेका कुराहरु हाम्रो पाठ्यक्रममा धेरै पछि मात्र समावेश गरिन्छ । तर विश्वले त्यस्ता धेरै परिवर्तनको फड्को

मारिसकेको हुन्छ भन्ने जानकारी दिए । तर पाठ्यक्रमका उद्देश्यहरु समय सान्दर्भिक छन् भन्ने शिक्षकले 'विश्वमा घटेका समसामयिक घटनाहरुले मानव जीवनमा पारेको प्रभावबारे बताउन सक्ने छन् ।' भन्ने उद्देश्यलाई उदाहरण दिएर प्रष्ट्याउने काम गरे ।

त्यसैगरी तपाईले सामाजिक अध्ययन विषय किन पढ्नु भएको हो ? भन्ने प्रश्नमा आफ्नो देशको भौगोलिक, प्राकृतिक, सांस्कृतिक, धार्मिक, सामाजिक र आर्थिक अवस्था र त्यसले समाजमा पार्ने प्रभाव बारे जानकारी लिन भन्ने प्रतिक्रिया दिए । त्यस्तै केही विद्यार्थीले देश विदेशमा घटेका घटना र विकास निर्माणको अध्ययन गरी आफ्नो सामाजिक विकासमा सहयोग पुऱ्याउन भन्ने प्रतिक्रिया दिए । अध्ययनका क्रममा सहभागी अभिभावकहरुले सामाजिक अध्ययन पाठ्यक्रमले व्यक्ति, समाज, राष्ट्र र विश्वलाई नै ठूलो योगदान दिएको छ भन्ने सवालमा ९२ % ले पूर्ण सहमत जनाए । त्यस्तै ३ प्रतिशतले सहमत जनाए भने २ प्रतिशतले निर्णय दिन सकेनन् भने ३ प्रतिशतले चाहिँ पूर्ण असहमत जनाएका थिए ।

प्रश्नावलीको परिक्षण गर्दा धेरै शिक्षकहरुबाट प्राप्त प्रतिक्रिया अनुसार सामाजिक अध्ययन विषयको पाठ्यक्रमले राखेका उद्देश्यहरु समकालीन समाजसँग मिल्दो छ भन्ने पाइयो । कसरी समकालीन समाजसँग सान्दर्भिक छ त ? भन्ने प्रश्नमा सामाजिक अध्ययनले समाजमा शान्ति, सद्भाव, सहयोग, सहिष्णुता कायम गरी स्वच्छ र सभ्य समाजको निर्माण गर्न सहयोग पुऱ्याउँछ, त्यसैले भन्ने जवाफमा दिए । त्यस्तै केही शिक्षकहरुले सामाजिक परम्परा, सामाजिक मूल्य र मान्यता, कला संस्कृति आदिको महत्त्व बताउन सक्छन् र सोही अनुसारको अनुसरण गर्न सिकाउने हुनाले यसको उद्देश्य समकालीन समाज सान्दिर्भक छ भन्ने प्रतिक्रिया दिए । प्रश्नावलीबाट प्राप्त प्रतिक्रिया अनुसार केही शिक्षकले भने यसका उद्देश्यहरु समकालीन समाज सान्दर्भिक नभएको बताए । किन छैन त? भन्ने प्रश्नमा विश्व विज्ञान र प्रविधिको कारणले धेरै अगाडि पुगिसकेको अवस्थामा इतिहास, संस्कृति, परम्पराको ज्ञानले केही गर्न सक्दैन बरु त्यसको ठाउँमा इमेल, इन्टरनेट, प्रविधि र विज्ञानका विषयहरु अध्ययन गरी सोही अनुसार जीवनयापन गर्न सक्ने बनाउनु यसको उद्देश्य हुनुपर्छ भन्ने प्रतिक्रिया दिए ।

त्यसैगरी अन्तवार्ताको क्रममा विद्यार्थीहरुले तपाई सामाजिक अध्ययन विषय अध्ययन गरिसकेपछि के गर्न सक्नुहुन्छ ? भन्ने प्रश्नमा सामाजिक अध्ययन विषय पढेपछि समाजमा

विकास निर्माणका कार्यमा सहयोग गर्न सक्छु, समाजबाट छुवाछुत, भेदभाव, विकृति हटाउन मद्दत गर्न सक्छु, स्थानीय साधन र स्रोतको प्रयोग गरी आम्दानी गर्न सक्छु, आफ्नो देशको भौगोलिक, आर्थिक, सामाजिक र सांस्कृतिक कुराहरुको पहिचान गरी तिनीहरुको संरक्षणमा सहयोग पुऱ्याउँछु भन्ने जस्ता प्रतिक्रिया दिए । त्यस्तै अभिभवाकलाई बन्द प्रश्नावली भराउँदा सामाजिक अध्ययन विषय शिक्षण गर्दा विद्यार्थीमा कुनै नकारात्मक असर परेको छैन भन्ने सवालमा ९५ प्रतिशत अभिभावकहरुले सहमत जनाए भन्ने ५ प्रतिशत अभिभावकले मात्र असहमत विकल्पमा प्रतिक्रिया जनाए । यसैगरी सामाजिक अध्ययन विषयले सामाजिक, आर्थिक, धार्मिक र पेशागत क्षेत्रमा सकारात्मक धारणाको विकास गराउँछ भन्ने भनाइमा ९४ प्रतिशत अभिभावकले पूर्णसहमत विकल्पमा प्रतिक्रिया जनाए भने ६ प्रतिशतले चाहिँ अनिर्णित अवस्थामा रहे । यसैगरी  सामाजिक अध्ययन विषय अध्यापन गर्नुको मुख्य उद्देश्य अनुशासित, सहयोगी, शिष्टाचार, सभ्य, मिलनसार नागरिक तयार पार्नु हो भन्ने सवालमा ८९ प्रतिशत अभिभावकहरुले पूर्ण सहमत विकल्पमा प्रतिक्रिया जनाए भने ६ प्रतिशतले सहमत जनाए र ५ प्रतिशत अनिर्णित अवस्थामा रहे । यसले के देखाउँछ भने सामाजिक अध्ययन विषय पाठ्यक्रमको उद्देश्य समयसान्दर्भिक र समाज अनुकूलको छ ।

### ४.१.३ सामाजिक अध्ययन विषयलाई हेर्ने दृष्टिकोणः

कुनै पनि विषयलाई हेर्ने दृष्टिकोणले पनि सो विषयको उद्देश्यको सान्दर्भिकता प्रष्ट हुन्छ । यदि पाठ्यक्रमले सही र सबैको इच्छा आकाङ्क्षा अनुसार काम गरेको छ भने त्यसको उद्देश्य पनि सान्दर्भिक  र उचित छ भन्ने ठहर्छ । अध्ययनका क्रममा शिक्षकहरुमा प्रश्नावली प्रयोग गरी प्रतिक्रिया लिँदा अधिकांश शिक्षकहरुले, वि.नि र प्र.अ. ले सामाजिक अध्ययन विषयलाई सकारात्मक दृष्टिकोणले हेरेको पाइयो । केही शिक्षक र वि.नि. र प्र.अ. ले भने यसलाई अझ सुधार गरे मात्र सबैले उचित देख्छन् भन्ने जवाफ दिए । सुधार गर्ने मुख्य कुराहरु के-के हुन् ? भन्ने प्रश्नमा यसमा विज्ञान र प्रविधि सम्बन्धी कुराहरु बढाउने, उद्देश्य अनुसारका पाठ्यवस्तु र समयभार जस्ता कुराहरुमा सुधार गरी समसामयिक बनाउनुपर्दछ भन्ने कुरा व्यक्त गरे ।

अनुसन्धानका क्रममा विद्यर्थीहरुले सामाजिक अध्ययन विषय दैनिक व्यहारमा उपयोगी भएकोले यो विषय पढ्न निकै उचित हुने कुरा बताए । सामाजिक अध्ययन अति आवश्यकीय र महत्वपूर्ण विषय हो । यसले एउटा व्यक्तिलाई समाज, राष्ट्र र अन्तराष्ट्रिय क्षेत्रमा सन्तुलित

व्यवहार गर्न सिकाउँछ । समाजप्रति उत्तरदायित्वको भावना विकास गराउँछ । महत्वपूर्ण प्राकृतिक स्रोतसाधनको सदुपयोग गर्न सिकाउँछ । समाज, सामाजिक समस्या र विकृतिको पहिचान गरी त्यसलाई न्यूनिकरण गर्दै सभ्य, शान्त र विकसित, समाज निर्माणमा सहयोग पुऱ्याउँछ । त्यसैले यो विषय अति आवश्यक र महत्वपूर्ण छ भन्ने दृष्टिकोण राखे । न्यून प्रतिशत विद्यार्थीहरुले भने यसलाई हटाइ कम्प्युटर शिक्षा राख्नुपर्छ भन्ने दृष्टिकोण राखे ।

अभिभावकसँग प्रश्नावलीबाट लिएको प्रतिक्रिया अनुसार सामाजिक विषय समाजको माग हो भन्ने सबालमा ९५ प्रतिशतले पूर्णसहमतमा दिएको प्रतिक्रियाले पनि धेरैले यस विषय माथि सकारात्मक दृष्टिकोण राख्दछन् भन्ने कुरा पुष्टि हुन्छ । त्यस्तै विद्यार्थीहरुले यस विषयलाई मन पराउँदैनन । त्यसैले हटाउनुपर्छ भन्ने वाक्यमा ४ प्रतिशतले सहमत र ९६ प्रतिशतले पूर्ण असहमत विकल्पमा प्रतिक्रिया जनाएका छन् । यस्तै सामाजिक अध्ययन कुनै विषय नै होइन, यसलाई अरु विषयमा गाभे हुन्छ भन्ने सवालमा ७० प्रतिशत अभिभावकले असहमत भन्ने प्रतिक्रिया व्यक्त गरे । १० प्रतिशतले पूर्ण असहमत जनाए भने २० प्रतिशतले मात्र सहमत जनाए । त्यसस्तै सामाजिक विषय हटाएर कम्प्युटर शिक्षा राखे राम्रो हुन्छ भन्ने भनाइमा २० प्रतिशतले मात्र हटाउँदा राम्रो हुन्छ भन्ने प्रतिक्रिया दिए भने ६० प्रतिशतले नहटाउनु राम्रो हुन्छ भन्ने प्रतिक्रिया दिएको पाइयो र २० प्रतिशत चाहिँ निर्णय दिन नसक्ने अवस्थामा देखिए । यसरी अभिभावकले दिएको प्रतिक्रियाबाट के कुरा प्रष्ट हुन्छ भने अधिकांश मानिसहरुले सामाजिक अध्ययन विषय पाठ्यक्रम र यसले राखेका उद्देश्यहरु प्रति सकारात्मक दृष्टिकोण राख्दा रहेछन् । मेरो विचारमा पनि सामाजिक अध्ययन विषयबाहेक अन्य विषयहरु मात्र शिक्षण गर्दा विद्यार्थीमा सामाजिकीकरणको सीपमा कमी, सामाजिक सभ्यताका अभाव, सुशासन, शासन व्यवस्थाको जानकारी नहुनु, चेतनाको अभाव हुने र सुसंस्कृतिको विकासमा बाधा उत्पन्न हुन्छ । त्यसकारण यो विषय अतिआवश्यकीय र महत्वपूर्ण विषय हो भन्दा अतिशयोक्ति नहोला ।

## ४.२ सामाजिक अध्ययन पाठ्यक्रममा समावेश गरिएका पाठ्यवस्तुहरुको सबल र दूर्वल पक्षहरुः

पाठ्यवस्तु पाठ्यक्रमको दोस्रो महत्वपूर्ण तत्व भएकोले पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरु प्राप्तिका लागि विद्यार्थीमा विकास हुनुपर्ने ज्ञान, सीप र धारणाहरु यस अर्न्तगत राखिएका हुन्छन् । यसलाई सिकाइ अनुभवको नामले पनि चिन्न सकिन्छ । विषयवस्तु छनौट गर्दा कक्षा, तह, विषय, उद्देश्य तथा आवश्यकता आदिको विश्लेषण गर्नुपर्छ । पाठ्यवस्तु विद्यार्थीको रुचि,

चाहना, उमेर, क्षमता, आवश्यकता, सामाजिक मूल्य, मान्यता र संस्कृतिको ख्याल गरी तयार पारिनुपर्दछ । पाठ्यवस्तु यथार्थमा आधारित, उपयोगी र दैनिक जीवनमा सहयोगी हुनु आवश्यक छ । यसले समसामयिक समाज, संस्कृति, प्रजातान्त्रिक मूल्य र मान्यतालाई आत्मसाथ गरेको हुनुपर्दछ । यस अध्ययन अनुसन्धानमा यस्तै किसिमका पाठ्यवस्तुहरुका सबल र दूर्बल पक्षहरुको मूल्याङ्कन गरिएको छ । पाठ्यवस्तुहरुको सबल र दूर्वल पक्षहरुको मूल्याङ्कन गर्दा निम्न उपशीर्षकहरुमा व्याख्या विश्लेषण गरिएको छ :

### ४.२.१ पाठ्यवस्तुहरुको उद्देश्यसँग सान्दर्भिकताः

कुनै पनि विषयको पाठ्यक्रमले राखेका उद्देश्यहरु त्यस पाठ्यक्रममा समावेश गरिएका पाठ्यवस्तुले पूरा गर्नुपर्छ । यस सम्बन्धमा खैरहनी स्रोत केन्द्र अर्न्तगतका ६ वटा विद्यालयका विषय शिक्षक, प्र.अ. र वि.नि. सँग प्रश्नावली प्रयोग गरी प्रतिक्रिया लिँदा अधिकांश सहभागीहरुले पाठ्यवस्तुहरु उद्देश्यसँग सम्बन्धित छन् र उद्देश्य पनि पूरा गर्न सक्छन् भन्ने सकारात्मक प्रतिक्रिया दिए । तर उनीहरुले उद्देश्य पूरा गर्न पाठ्यवस्तुको समयभार बढाउनुपर्छ भन्ने आशय पनि व्यक्त गरे । ७ प्रतिशत सहभागिबाट भने भू-गोल खण्डको पाठ्यवस्तु व्यापक भएकोले उद्देश्य अनुसार अनुपयुक्त रहेको प्रतिक्रिया प्राप्त भयो । त्यस्तै सामाजिक अध्ययन पाठ्यक्रमका पाठ्यवस्तुहरुले सबै तहका उद्देश्यहरु समेट्छन् त ? भन्ने प्रश्नको जवाफमा धेरै जसो ज्ञान तहका उद्देश्यहरु समेट्ने खालका छन् भने कमै विषयवस्तुले मात्र प्रभावी र मनोक्रियात्मक तहका उद्देश्यलाई समेट्छन् भन्ने जवाफ दिए । त्यस्तै अर्को १४ प्रतिशत शिक्षकबाट उल्लेखित पाठ्यवस्तुलाई सही तरिकाले विद्यार्थीमाझ प्रस्तुत गर्ने हो भने सबै तहका उद्देश्यलाई समेट्न सक्छ भन्ने प्रतिक्रिया प्राप्त भयो ।

अभिभावकसँग बन्द प्रश्नावली भराउँदा माध्यमिक तहमा पढाइ हुने 'सामाजिक अध्ययन विषयले जातजाति, धर्म, लिङ्ग, भाषा, वर्ग आदिमा भेदभाव रोक्न सकेको छैन भन्ने भनाइमा ६० प्रतिशतले असहमत जनाए भने ९ प्रतिशतले पूर्ण असहमतमा प्रतिक्रिया दिए । ६ प्रतिशतले सहमत जनाए । त्यसैगरी २५ प्रतिशतले भने अनिर्णित अवस्थामा रहे । त्यस्तै तपाईहरु सामाजिक अध्ययन विषय पढेर के-के गर्न सक्नुहुन्छ ? भन्ने सबालमा विद्यार्थीले दिएको प्रतिक्रियाले पनि मलाई यस विषयका पाठ्यवस्तु उद्देश्यसँग सान्दर्भिक र मेल खाने रहेछ भन्ने प्रष्ट हुन्छ ।

### ४.२.२ विषयवस्तुको पर्याप्तता, उपयोगिता र व्यवहारिकताः

अध्ययनका क्रममा सहभागी शिक्षकहरुले अन्तर्वार्ताका क्रममा सामाजिक अध्ययन विषयको पाठ्यक्रमका पाठ्यवस्तुहरु कति पर्याप्त र कति अपुग छ ? भन्ने प्रश्नमा धेरै एकाइका पाठ्यवस्तु पर्याप्त नै रहेको बताए पनि इतिहास र भूगोल एकाइका केही सिकाइ अनुभवहरु शिक्षक र विद्यार्थी मिलेर खोजी गर्नुपर्छ भन्ने प्रतिक्रिया व्यक्त गरे । यसैगरी विज्ञान र प्रविधि सम्बन्धी जस्तैः उर्जा, गोबरग्याँस, सोलार, शौचालय, ग्याससँग सम्बन्धित पाठ्यवस्तु कम भएको र त्यसलाई थप्नु पर्ने धारणा ७ प्रतिशत सहभागिको थियो । अध्ययनका क्रममा सहभागी अधिकांश विद्यार्थीहरुले भने विषयवस्तु बढि रहेको प्रतिक्रिया दिए । किन र कसरी बढी छ ? भन्ने सबालको जवाफमा धेरै विषय सम्बन्धी भएको र पढ्दै जाने क्रममा सम्झन अप्ठ्यारो परेको प्रतिक्रिया व्यक्त गरे । त्यस्तै सहभागी अभिभावकलाई बन्द प्रश्नावली भराई प्राप्त गरिएको सूचनाअनुसार यस विषयमा धेरै विषयसँग सम्बन्धित विषयवस्तु राखिएकाले विद्यार्थीहरुले चाहेजस्तो मार्क प्राप्त गर्न सकेका छैनन् भन्ने कथनमा ५४ प्रतिशतले सहमत जनाए भने २८ प्रतिशतले असहमत जनाए । त्यस्तै १८ प्रतिशतले निर्णय दिन सकेनन् ।

अध्ययनका क्रममा सहभागी शिक्षक, वि.नि. र प्र.अ. मध्य अधिकांशले सामाजिक अध्ययन विषय पाठ्यक्रमका पाठ्यवस्तु उपयोगी र व्यवहारिक रहेको प्रतिक्रिया दिए । कसरी उपयोगी र व्यवहारिक छ त ? भन्ने प्रश्नमा विकास, क्षेत्रीय विकास र नेपालमा सञ्चालित आयोजनाको अध्ययनले नेपालको विकासको बारेमा जानकारी दिन्छ र ती ज्ञानलाई व्यवहारमा लागू गर्न सकिन्छ । भू-गोलको अध्ययनले अक्षांश, देशान्तर, हावापानी, नक्सा आदिको बारेमा जानकारी दिन्छ र विश्वका विभिन्न महाद्वीपको प्राकृतिक अवस्था र सामाजिक जनजीवनको बारेमा जानकारी दिन्छ भन्ने उदाहरण प्रस्तुत गरे । त्यस्तै अन्तर्वार्ताका क्रममा सामाजिक अध्ययन कत्तिको व्यवहारिक र उपयोगी छ ? भन्ने सवालमा सामाजिक अध्ययनले आर्थिक, राजनैतिक, सामाजिक घटनाहरु प्रस्तुत गर्न र व्याख्या गर्न सिकाउँछ । परिवार र व्यक्तिको भूमिकाको जानकारी दिन्छ । समाज र राष्ट्रप्रति कर्तव्य बोध गराउँछ । स्वावलम्बी बन्न र उपयुक्त पेसा छनोट गर्न मद्दत गर्छ । स्थानीय साधन र स्रोतको खोज र परिचालन गर्न सिकाउँछ । निर्वाचनको बेला खेल्नुपर्ने भूमिका र सहयोगको जानकारी दिन्छ ।

दैविक विपत्तिमा रेडक्रस, स्काउट जस्ता संस्थामा आवद्ध भएर सहयोग गर्न  सिकाउँछ । त्यसैले यो अति उपयोगी र व्यवहारिक छ भन्ने धारणा धेरै शिक्षक र प्र.अ. बाट पाइयो ।

त्यस्तै कमै शिक्षकले भने इतिहासका पाठ्यवस्तु अव्यवहारिक भएको र त्यसलाई हटाइ अन्य उपयोगी सिकाई अनुभव राख्नुपर्छ भन्ने सुझाव समेत दिएको पाइयो । किन त त्यसलाई हटाउनु पर्छ भन्ने प्रश्नमा ऐतिहासिक कुराहरुले भविष्यको विकासमा खास महत्व राख्दैन इतिहासले लोकतान्त्रिक मूल्य र मान्यताअनुरुप चल्न सक्ने किसिमको आधुनिक चिन्तन विद्यार्थीमा दिन सक्दैन । त्यसैले अव्यवहारिक भएको भन्ने प्रतिक्रिया दिए । सहभागी विद्यार्थीहरुमा पढाइएका पाठ्यवस्तु दैनिक व्यवहारमा उपयोगी छन् त ? भन्ने सबाल राख्दा अधिकांशले व्यवहारिक छन् भन्ने प्रतिक्रिया दिए । कसरी ? भनी सोध्दा इतिहासले विगतको घटनाको जानकारी लिइ अब घट्न सक्ने सम्भावित घटनाबाट बच्न मद्वत गर्छ । यस्तै सामाजिक समस्या र विकृति हटाउन मद्दत गर्दछ भन्ने जवाफ पाइयो ।

### ४.२.३ विद्यार्थीको रुचि, आवश्यकता, स्तर र क्षमता अनुसारको विषयवस्तु

अध्ययनका क्रममा अन्तर्वार्ता प्रश्नावलीको प्रयोग गर्दा शिक्षक, विनि. र प्र.अ. मध्ये अधिकांशले. सामाजिक अध्ययन पाठ्यक्रमले राखेका विषयवस्तुहरु विद्यार्थीको रुचि, आवश्यकता र क्षमता अनुसारको रहेको अभिमत दिए । यस कुरालाई तपाई कसरी पुष्टि गर्नुहुन्छ ? भन्ने प्रश्नमा पर्यटन पाठ पढाउँदा त्यसबारेमा आफै परिभाषा र उदाहरण दिँदै उत्सुकता र तत्परता दखाउँछन् जस्ता उदाहरण दिएर प्रष्ट पारे । त्यस्तै के सिकाइ अनुभवहरुलाई विद्यार्थीले कथा, कविता, नाटक, चिठी, चित्र, ग्राफ, समाचार जस्ता विधामा प्रस्तुत गर्न सक्छन् भन्ने प्रश्नमा करिब ६० प्रतिशत विद्यार्थीले मात्र यस्तो कार्य सजिलै सक्छन् भन्ने प्रतिक्रिया दिएको पाइयो । त्यस्तै पाठ्यवस्तु पूर्ण रुपमा विद्यार्थी केन्द्रित भने नभएको आशय पनि धेरै विषय शिक्षकले व्यक्त गरे । किन र कसरी ? भन्ने प्रश्नमा आवश्यक तथ्याङ्कहरु पूरा नभएको, संविधान र यस सम्बन्धी पाठ्यवस्तु कमि भएको र विद्यार्थी केन्द्रित बनाइ शिक्षण गर्दा समयमा पाठ सिध्याउन अप्ठ्यारो परेको जानकारी दिए । एकाई ६ का पाठ्यवस्तुहरुमा नक्सा बनाउने र भर्ने कार्यलाई पहिले राख्नुपर्छ । त्यसपछि मात्र अन्य भौगोलिक क्षेत्रहरुको नक्सासहित अध्ययन गर्ने विषयवस्तु राख्नुपर्छ भन्ने जानकारी पाइयो ।

अध्ययनका क्रममा अन्तर्वार्ता प्रश्नवलीमा विद्यार्थीले दिएको प्रतिक्रियाअनुसार विकासका पूर्वाधार, चाडपर्व, सामाजिक परपम्परा र मूल्य र मान्यता, भौगोलिक अध्ययन, जलवायु परिवर्तन जस्ता पाठहरु बढी रुचिपूर्ण भएको र दोहोऱ्याएर पढुँपढुँ लाग्छ भन्ने उत्तर धेरै विद्यार्थीबाट पाइयो । त्यस्तै सामाजिक अध्ययनको कुनै पाठ अनावश्यक र हटाउनुपर्ने छ त ? भन्ने सबालमा व्यापार र उद्योग सम्बन्धी पाठ्यवस्तु भन्ने जवाफ दिए । किन ? भन्ने प्रश्नमा त्यसको व्यापक रुपमा अर्थशास्त्र र लेखा विषयमा पढाइ हुन्छ भन्ने प्रतिक्रिया अधिकांशबाट प्राप्त भयो । सहभागी विद्यार्थीहरु मध्ये धेरैलाई अप्ठ्यारो लाग्ने पाठ नेपालको नक्सा बनाउने र गर्ने, भूगोल सम्बन्धी हिसाब गर्ने पाठ्यवस्तु रहेछन् । व्यक्तिगत र सामाजिक विकासप्रति सकारात्मक धारणा दिने पाठ्यवस्तुहरुमा राष्ट्रिय र अन्तराष्ट्रिय व्यक्तित्वहरु, भ्रष्टाचार, दुर्व्यसन, संघसंस्था, विभिन्न प्रथाहरु, संविधान, मानवअधिकार, समसामयिक घटना भन्ने उत्तर प्राप्त भयो ।

अनुसन्धानमा सहभागी अभिभावकहरुलाई बन्द प्रश्नावली भराउँदा 'विद्यार्थीलाई नै मध्यनजर गरी यस पाठ्यक्रमका विषयवस्तु तयार पारिएको छ ।' भन्ने भनाइमा ७३ प्रतिशत अभिभावकले सहमत विकल्पमा प्रतिक्रिया दिए । १३ प्रतिशतले अनिर्णित भन्ने विकल्पमा प्रतिक्रिया दिए भने बाँकी १४ प्रतिशतले असहमत जनाए ।

### ४.२.४ विषयवस्तुको लम्बीय र क्षितिजीय संगठनः

सामाजिक अध्ययन विषयको विषयवस्तुका सबल र दूर्बल पक्षहरु अरु केके होलान् ? भन्ने प्रश्नमा नमुना छनौटमा परेका ६ विद्यालयका विषय शिक्षक, प्र.अ. वि.नी गरी १३ जना सहभागी मध्ये अधिकांशले विषयवस्तुको निरन्तरता भएको जानकारी दिए । कसरी निरन्तर भयो त ? भन्ने सवालमा कक्षा ६ देखि १० सम्म सामाजिक अध्ययन विषय पाठ्यक्रमका प्रत्येक एकाइ अन्तर्गतका विषयवस्तुहरुले निरन्तरता पाएका छन् । जस्तो हामी, हाम्रो समुदाय र राष्ट्र भन्ने एकाइका विषयवस्तुहले निरन्तरता पाएको भन्ने प्रतिक्रिया पाइयो । त्यस्तै सबै कक्षामा एउटै हो त ? भन्दा होइन तह र कक्षा अनुसार विषय वस्तुको व्यापकता, कठिनाइ जस्ता कुरामा भिन्नता छ भन्ने उत्तर दिए । यसैगरी अधिकांश सहभागी शिक्षकहरुले विषयवस्तुको समन्वय मिलेको प्रतिक्रिया दिए । यस विषयमा इतिहास, भूगोल, समाजशास्त्र, मानवशास्त्र, अर्थशास्त्र, तथ्याङ्कशास्त्र, जनसङ्ख्या जस्ता विषयका पाठ्यवस्तु समावेश गरिएका छन् भन्ने

उत्तर प्राप्त भयो । धेरै शिक्षकहरुले भू-गोल र इतिहासका पाठ्यवस्तु बढी राखिएकोले त्यसलाई काँटछाँट गर्नु पर्ने सुझाव पनि प्रस्तुत गरे ।

अध्ययनका क्रममा सहभागी विद्यार्थीहरुले ९ र १० कक्षामा पढेका विषयवस्तुहरु तल्ला कक्षामा पनि पढाइ भएको तर यति गहन र व्यापक थिएन भनी प्रतिक्रिया जनाए । त्यस्तै के सामाजिक अध्ययनमा राखिएका विषयवस्तुहरु जनसङ्ख्या, गणित, इतिहास, अर्थशास्त्र आदिसँग मिल्दा जुल्दा छन् ? भन्ने प्रश्नमा सबै सहभागीले छन् भनी प्रतिक्रिया दिएको पाइयो । यस पाठ्यक्रमका विषयवस्तुको क्षेत्र र कम तालिका (अनुसूचि-७) ले पनि यस कुरालाई पुष्टि गर्दछ । त्यस्तै कक्षा ९ र १० को पाठ्यवस्तु अरु कुनै विषय र तहसँग सम्बन्धित छैन भन्ने भनाइमा ८९ प्रतिशत अभिभावकले पूर्ण असहमतमा प्रतिक्रिया जनाइएको पाइयो भन्ने ४० प्रतिशत अभिभावकले अनिर्णित विकल्पमा प्रतिक्रिया दिएको पाइयो । मलाई भने लम्बीय संगठन मिले पनि कक्षा ९ मा आवश्यकभन्दा बढी विषयवस्तु थोपरेको भन्ने लाग्यो । त्यस्तै क्षितिजीय संगठनलाई हेर्दा इतिहास, भुगोल, समाजशास्त्रका विषयवस्तु बढी र अर्थशास्त्र, मानवशास्त्र, जनसंख्याको विषयवस्तु कम समन्वय गराइएको भन्ने लाग्यो ।

### ४.२.५ विषयवस्तुमा लचकता र गतिशीलताः

अध्ययनका क्रममा नमुना छनौटमा परेका विद्यालयका सहभागी शिक्षकहरुमा प्रश्नावली प्रयोग गरी अन्तर्वार्ता सञ्चालन गर्दा सामाजिक अध्ययन विषयवस्तुमा पर्याप्त लचकता छ भन्ने प्रतिक्रिया पाइयो । कसरी लचकता छ त ? भन्ने सवालमा धेरैले विषयवस्तु अध्ययन अध्यापनका क्रममा समसामयिक घटना, विद्यमान सामाजिक समस्या, लैङ्गिक भेदभाव, विकास निर्माणका कुराहरु, सभ्यता र संस्कृतिका कुराहरु यसमा समावेश गरी थप ज्ञान र अनुभव प्रदान गर्न सकिन्छ भन्ने जवाफ दिएको पाइयो । त्यस्तै सहभागी विद्यार्थीहरुलाई के तपाईहरुलाई कक्षा शिक्षणका समयमा शिक्षकहरुले पाठसँग सम्बन्धित थपकुरा दिनुहुन्छ ? भन्ने प्रश्नमा अधिकांश सहभागी विद्यार्थीहरुले दिनुहुन्छ भन्ने उत्तर दिए ।

यस्तै सिलसिलामा अनुसन्धानमा सहभागी शिक्षकहरु मध्ये अधिकांशको मत यस विषयका पाठ्यवस्तुको गतिशील पक्ष कमजोर छ भन्ने तर्फ रहेको पाइयो । पाठ्यक्रमका विषयवस्तुहरु

समयसमयमा समाजको गतिशील पक्षलाई एकाकार गर्दै परिवर्तन गर्नुपर्नेमा सो नभएको प्रतिक्रिया दिए । तोकिएको समयमा पाठ्यक्रममा सुधार नहुने भएपनि आंशिक रुपमा हुनाले धेरै समयदेखि सामाजिक अध्ययन पाठ्यक्रमका विषय वस्तुमा खासै गतिशीलता भएको देखिदैन भन्ने उत्तर पाइयो । पाठ्यवस्तुहरुका सबल र दूर्वल पक्षहरु अरु थप के-के छन् त ? भन्ने प्रश्नको उत्तरमा केही विषयवस्तुहरु पहिलेको जस्तै परिमार्जन नगरी राखिएको छ ।
त्यसलाई ग्रहण गर्ने तरिका पनि उही नै छ भनेको पाइयो । जलवायु परिवर्तन विश्वको जल्दोबल्दो समस्या हो तर त्यस सम्बन्धी विषय समावेश नगरेको भन्ने जवाफ धेरै सहभागी शिक्षकहरुले दिएको पाइयो । त्यस्तै वैदेशिक रोजगार, विद्युतीय उत्पादन सम्बन्धी पाठ्यवस्तुलाई पनि महत्व दिइएको छैन भन्ने प्रतिक्रिया दिए ।

## ४.३ शिक्षण विधि र सामग्रीको प्रयोगः

शिक्षण विधि भन्नाले विद्यार्थीमा ज्ञान, सीप प्रदान गर्न प्रयोग गरिने तरिका, बाटो, उपाय भन्ने बुझिन्छ । पाठ्यक्रमले तोकेका उद्देश्यहरु हासिल गर्न शिक्षण विधि महत्वपूर्ण मानिन्छ । शिक्षण विधिको उपयुक्त प्रयोगले विद्यार्थीको व्यवहारमा अपेक्षित सकारात्मक परिवर्तन गर्न सकिन्छ । विभिन्न किसिमका ज्ञान सीपहरुलाई विद्यार्थीहरुमा सञ्चार गर्न प्रयोगमा ल्याउने शिक्षणका विभिन्न तौरतरिकाहरुलाई शिक्षण विधि भनिन्छ । शिक्षण विधिको प्रयोग विषयवस्तुको प्रकृति, विद्यार्थीको स्तर र तह, उपलब्ध साधन र स्रोतको आधारमा गरिनुपर्दछ तबमात्र सिकाइ प्रभावकारी हुन्छ ।

त्यस्तै शिक्षण सामग्री भन्नाले शिक्षण सिकाइ क्रियाकलाप गर्दा सँगसँगै प्रयोग गरिने साधनहरु भन्ने बुझिन्छ । शैक्षिक सामग्रीको प्रयोगले सिकाईलाई व्यवहारिक, अर्थपूर्ण र दिगो बनाउँछ । विषयवस्तुमा देखापरेका जटिलताहरुलाई सहज रुपमा नै समाधान गरी सिकाइलाई सहज रुपमा नै समाधान गरी सिकाइलाई प्रभावकारी बनाउन शैक्षिक सामग्रीले महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

माध्यमिक तहका विद्यार्थीहरुमा अपेक्षित उद्देश्हरु हासिल गराउनका लागि आचित्यपूर्ण शिक्षण विधि र सामग्रीहरुको उपयोग गरिनुपर्दछ । नत्र भने पाठ्यक्रमले तोकेको उद्देश्यहरु पूरा हुन नसकी सिङ्गो शैक्षिक कार्यक्रम नै असफल हुनसक्छ । त्यसमा पनि सामाजिक अध्ययन विषय विविध सामाजिक  विज्ञानका विषयवस्तुहरुलाई समेटी तयार पारिएको हुनाले तत्तत् अनुसारका सामग्री र विधिको प्रयोग नहुनासाथ पाठ्यक्रमका उद्देश्यहरु व्यर्थ हुन पुग्दछन् । शिक्षण विधि र सामग्री क्षमता र स्तर अनुसारका, सिकाइ अनुभव विद्यार्थीमा प्रदान गर्ने पुलको रुपमा र पाठ्यक्रमले तोके अनुसारका हुनु आवश्यक छ । यस उद्देश्यलाई तल उल्लेखित विभिन्न सहायक बुँदाहरुमा व्याख्या र विश्लेषण गरिएको छ :-

### ४.३.१ पाठ्यक्रमको उद्देश्य पुरा गर्ने साधनको रुपमा शिक्षण विधि र सामग्रीहरुः

अध्ययन अनुसन्धानका क्रममा विषय शिक्षकहरुसँग अन्तर्वाता प्रश्नावली प्रयोग गरी प्रतिक्रिया लिंदा कुनै पनि शिक्षक पूर्ण रुपमा सामाजिक अध्ययन विषय अध्ययन गरी अध्ययनमा संलग्न भएको पाइएन । अधिकांश शिक्षकहरु अर्थशास्त्र, समाजशास्त्र, जनसंख्या, नागरिकशास्त्र जस्ता सामाजिक विज्ञान विषय अध्ययन गरी अध्यापनमा संलग्न भएका रहेछन् । अनुसन्धानका क्रममा ५० प्रतिशत शिक्षकहरुले मात्र शिक्षाशास्त्रमा स्नातक गरेका रहेछन् भने ५० प्रतिशतले मानविकी संकायमा स्नातक गरेका रहेछन् । त्यस्तै अभिभावकहरुलाई बन्द प्रश्नावली भराउँदा तपाईको छोराछोरी पढ्ने विद्यालयमा सामाजिक अध्ययन विषय अध्यापन गर्ने शिक्षक सोही विषय पढेर आउनुभएको छ । भन्ने भनाइमा ७१ प्रतिशतले अनिर्णित विकल्पमा प्रतिक्रिया दिएको पाइयो । २१ प्रतिशतले सहमत जनाए र बाँकी ८ प्रतिशतले सहमत जनाए । यसबाट के प्रष्ट हुन्छ भने अधिकांश अभिभावकलाई कुन शिक्षकले के विषय अध्ययन गरी दिएको विषय अध्यापन गर्नुभएको छ भन्ने जानकारी रहेनछ ।

यसै सन्दर्भमा शिक्षण विधि र सामग्री सम्बन्धी जिज्ञासा राख्दा सबै उत्तरदाताहरुले फरकफरक तरिकाले परिभाषित गरे । शिक्षण विधि र सामग्री के हो ? भन्ने सवालमा एक जना शिक्षकले आफ्नै शब्दमा यसी प्रतिक्रिया दिए “आधुनिकतम सीप प्रयोग गरेर विद्यार्थी समक्ष सिकाइ अनुभव प्रस्तुत गर्ने पद्धतिलाई शिक्षण विधि भनिन्छ ।” त्यस्तै “शिक्षण सिकाईलाई प्रभावकारी बनाउन अत्यावश्यक सामग्रीलाई शिक्षण सामग्री भनिन्छ ।” यसैगरी अन्तर्वाताका क्रममा सबै प्रतिक्रियादाताले शिक्षण विधि र सामग्रीलाई सहज तकिाबारे प्रष्ट्याए । माध्यमिक तहको

सामाजिक अध्ययन विषय पाठ्यक्रममा उल्लेखित शिक्षण विधिहरु के के हुन् त ? भन्ने सवालमा छलफल विधि, व्याख्यान विधि, प्रदर्शन विधि, समस्या समाधान विधि, क्षेत्रभ्रमण विधि, अवलोकन विधि, प्रश्नोत्तर विधि हुन् भन्ने जानकारी अधिकांशले दिए । तर कमैले मात्र खोज, आगमन, अभिनय, परियोजना, व्यक्तिगत अध्ययन विधिको जानकारी भएको बताए । के माध्यमिक तहको सामाजिक अध्ययन विषयका उद्देश्यहरु (अनुसूचि-६) पूरा गर्न यसका शिक्षण विधि र सामग्रीहरु सक्षम छन् ? भन्ने प्रश्नमा सही ढंगले त्यसलाई कार्यान्वयनमा लैजाने हो भने उद्देश्य पूरा गर्न यसले पूर्ण सहयोग गर्दछ भन्ने प्रतिक्रिया व्यक्त गरे । कक्षा शिक्षणमा तपाई कुनकुन विधि बढी प्रयोगमा ल्याउनुहुन्छ भन्ने जिज्ञासामा धेरै शिक्षक, प्र.अ.ले व्याख्यान विधि, प्रश्नोत्तर, छलफल, प्रदर्शन विधि कक्षा शिक्षणमा प्रयोग गरिन्छ भन्ने जानकारी दिए । अन्य विधिहरु किन प्रयोगमा ल्याउनु हुन्न ? भन्ने प्रश्नमा समयमा कोर्स भ्याउनु पर्ने बाध्यता, विद्यालयमा उपयुक्त कक्षाकोठा व्यवस्थापन नहुनु, त्यसको लागि शैक्षिक सामग्री उपलब्ध नहुनु भन्ने कारण जनाए । त्यस्तै शिक्षण सामग्रीको सन्दर्भमा विद्यालयमा नक्सा, चार्ट, ग्लोब, एटलस, चकवोर्ड, डिस्नेरी उपलब्ध छन् भन्ने प्रतिक्रिया पाइयो र अवलोकनबाट पनि सोहि तथ्य भेटियो । अन्य सामग्रीहरु किन प्रयोगमा नल्याइएको त भन्दा आर्थिक अवस्था, समयको अभाव र विद्यालयमै उपलब्ध नभएकोले भन्ने आशय व्यक्त गरे ।

विद्यालयमा अनुसन्धानकर्ता आफै पुगी गरिएको प्रत्यक्ष अवलोकनबाट प्राप्त तथ्याङ्कले पनि पाठ्यक्रममा उल्लेखित शिक्षण विधि र सामग्रीहरु पर्याप्त मात्रामा विद्यालयमा उपलब्ध नभएको पाइयो । धेरै विद्यालयमा एटलस, ग्लोब, केही महाद्वीप र देशको नक्सा, पाठ्यपुस्तक, कालोपाटी, पत्रपत्रिका मात्र उपलब्ध भएको पाइयो । अभिभावकहरुमाथि बन्द प्रश्नावली भराई तथ्याङ्क सङ्कलनका क्रममा तपाईको समुदायको विद्यालयमा सामाजिक अध्ययन विषय अध्यापन गर्न आवश्यक सामग्रीहरु सबै छन् भन्ने भनाइमा ६० प्रतिशत अभिभावकहरु अनिर्णित अवस्थामा रहेको पाइयो भने २१ प्रतिशतले असहमत जनाए । त्यस्तै १९ प्रतिशत अभिभावक भने सहमत देखिए ।

### ४.३.२ विद्यार्थीको स्तर र क्षमता अनुसारको विधि र सामग्रीः

अध्ययनको क्रममा वि.नि, प्रधानाध्यापक, विषय शिक्षकहरु माथि अन्तर्वार्ता प्रश्नावली प्रयोग गरी प्रतिक्रिया लिँदा सामाजिक अध्ययन विषयको शिक्षण सामग्री र विधिहरु विद्यार्थीको स्तर

अनुकूलका छन् ? भन्ने प्रश्नमा अधिकांश शिक्षण विधि र सामग्रीहरु विद्यार्थीको क्षमता र स्तरअनुकूलका नै छन् तर ती विधि र सामग्रीले मात्र ग्लोब र नक्साका कतिपय कुराहरु विद्यार्थीलाई सिकाउन गाह्रो पर्ने प्रतिक्रिया दिए । केही शिक्षकहरुले भने स्तर अनुकुलका हुँदाहुँदै पनि पर्याप्त छैन भने जानकारी दिए । पाठ्यक्रमले तोकेको विधि र सामग्रीहरु सधैं सबै क्लासमा प्रयोग गर्न नसक्ने प्रतिक्रिया पाइयो । किन सकिँदैन त ? भन्ने प्रश्नमा कक्षाव्यावस्थापन, शिक्षण सामाग्री उपलब्ध नुहुनु, पाठअनुसार अपर्याप्त नभएको र समयको अभावले गर्दा प्रयोग गर्न नसकिने जानकारी दिए । त्यस्तै कक्षाकोठाको आकार ठूलो हुनु, विद्यार्थी सङ्ख्या धेरै हुनु, पढाउने कोर्स बढी हुनु र सबै विद्यार्थीहरु सक्रिय नहुनुले शिक्षण विधि आवश्यकता अनुसार प्रयोग गर्न नसकिएको जानकारी केही उत्तरदाताले दिए । पाठ्यवस्तुहरु घटाउने हो भने मात्र विद्यार्थी केन्द्रित शिक्षण विधि र सामग्रीहरु प्रयोग गरी अध्यापन गर्न सकिन्छ भने सुझाव शिक्षकहरुले दिएको पाइयो । के शिक्षण विधि र सामाग्रीहरु शिक्षण र सिकाइको रुपमा रहेका छन् ? भन्ने सवालमा यी विधि र सामग्रीहरुको पुलको रुपमा रहन सक्छन् तर विधि समस्याले कार्यान्वयनमा ल्याउन नसकेकोले त्यसले भरपुर काम नगरेको बताए ।

त्यस्तै नमुना छनौटमा परेका सहभागी विद्यालयका विद्यार्थीहरुमा अन्तर्वार्ता प्रश्नावलीको प्रयोग गरी प्रतिक्रिया लिने क्रममा सामाजिक विषय पढाउँदा तपाईको शिक्षकहरुले कुन-कुन विधि प्रयोग गर्नुहुन्छ भन्ने सवालमा बढी व्याख्यान, छलफल, प्रश्नोत्तर, प्रदर्शन र वर्षमा एकपटक शैक्षिक भ्रमण हुन्छ भन्ने जवाफ अधिकांश सहभागी विद्यार्थीहरुले दिए । त्यस्तै दैनिक कालोपाटी, चक, डस्टर, आवश्यकअनुसार नक्सा, ग्लोब, पत्रपत्रिका, एटलस, पाठ्यपुस्तक जस्ता सामग्री लिइ शिक्षण गर्नुहुन्छ भन्ने प्रतिक्रिया सहभागी विद्यार्थीहरुबाट पाइयो । त्यस्तै भौगोलिक अध्ययन सन्दर्भको पाठ पढाउँदा सबै किसिमको नक्सा प्रयोग नहुने जानकारी पाइयो । त्यस्तै नमुना विद्यालयका १२ जना अभिभावकहरुमा बन्द प्रश्नावली प्रयोग गरी प्रतिक्रिया लिने क्रममा सामाजिक अध्ययन विषय जुनसुकै शिक्षकले कुनै पनि तरिकाले अध्यापन गर्नसक्छ भन्ने सवालमा ३४ प्रतिशत अभिभावक अनिर्णित अवस्थामा रहेको पाइयो । त्यस्तै ५ प्रतिशतले पूर्ण सहमतमा प्रतिक्रिया दिएको पाइयो । यसबाट धेरै अभिभावकहरु माथिको भनाइमा असहमत रहेका छन् भन्ने प्रष्ट हुन्छ ।

### ४.३.३ सामाजिक अध्ययन विषय शिक्षणमा अत्याधुनिक शिक्षण सामग्रीको प्रयोगः

सामाजिक अध्ययन शिक्षणमा आधुनिक र अत्याधुनिक शिक्षण सामग्रीको पनि प्रयोग जरुरी छ भन्ने कुरा विभिन्न लेख, पुस्तक, पत्रपत्रिकाले पनि बताएको छ । यस्ता सामग्रीहरुको प्रयोग गर्दा ठोस रुपमा विषय वस्तु प्रस्तुत गर्न सकिने र सिकाइ स्थायी र प्रभावकारी पनि हुने गर्दछ । यस सन्दर्भमा शिक्षक, प्र.अ. र वि.नि. माथि प्रश्नावली प्रयोग गर्दा केहीले त यस्ता सामग्रीहरुको प्रयोग गर्दा रहेछन् भने केहीले त यस्ता सामग्रीहरुको प्रयोग त के जानकारी सम्म नभएको बताए । धेरै विद्यालयमा कम्प्युटर भए पनि यसको प्रयोग शिक्षण सिकाइमा नगरिएको पाइयो । टि.भि, ओभरहेड, डि.भि.डी., चलचित्र, नाटक, सि.डि., ग्रामोफोन जस्ता सामग्रीहरु शिक्षणमा प्रयोग नगरिएको र गर्न पनि सम्भव नभएको जानकारी पाइयो । केही शिक्षकले भने कम्प्युटरको प्रयोग गरी नोटको माध्यमबाट केही पाठहरु पढाउने गरेका छौँ । यसलाई नै अत्याधुनिक भनिन्छ भन्ने प्रतिक्रिया दिए ।

यस्तै दैनिक रुपमा भएका घटना, परिवर्तन, आविश्कार जस्ता समसामयिक कुराहरु र अन्य पाठहरु पढाउँदा पत्रपत्रिका र अन्य दैनिक प्रयोगका सामग्री मात्र शिक्षकहरुले ल्याउने गरेको सहभागी विद्यार्थीहरुले जानकारी दिए । सामुदायिक विद्यालयका सहभागी विद्यार्थी र शिक्षकहरुले यस्ता सामग्रीहरुको व्यवस्था सरकारले नै गर्नुपर्ने र संस्थागत विद्यालयका सहभागीहरुले विस्तारै विस्तारै यस्ता साधनहरुको प्रयोग बढाउँदै लगिने तर वर्तमानमा असम्भव रहेको प्रतिक्रिया दिए । सहभागी अभिभावकहरुले पनि यस्ता शिक्षण सामग्रीहरुको लागि आफूहरुले खर्च बेहोर्न नसक्ने बताए । अध्ययनका क्रममा गरिएको प्रत्यक्ष अवलोकनले पनि  प्रायः सबै विद्यालयमा कम्प्युटर बाहेक अत्याधुनिक शिक्षण सामग्री नभएको देखायो ।

### ४.३.४ स्थानीय वातावरणमा उपलब्ध र स्वनिर्मित शिक्षण सामग्रीको प्रयोग

अनुसन्धानका क्रममा नुमना छनौटमा परेका छ वटा विद्यालयका विषय शिक्षक, वि.नि, प्रधानाध्यापकमाथि अन्तर्वार्ता प्रश्नावली प्रयोग गर्दा धेरै सहभागीहरुले स्थानीय वातावरणमा उपलब्ध र स्वनिर्मित सामग्रीको प्रयोग सम्बन्धी ज्ञान रहेको प्रतिक्रिया दिए । सामाजिक अध्ययन

शिक्षणमा स्वास्थ्यचौकी, गा.वि.स, नगरपालिका, रेडक्रस, जस्ता संस्थाबाट उपलब्ध हुने पत्रपत्रिका, पोष्टर, पर्चा, पम्प्लेट र काठ, फलाम, बाँस, कागज जस्ता सामानबाट बनेका सामग्रीहरुको प्रयोग गर्ने गरेको जानकारी दिए । त्यस्ता सामग्रीहरु विद्यार्थीहरुलाई पनि बनाउन दिने गरेको र केही स्वयम् शिक्षकले पनि निर्माण गर्ने गरेको अधिकांश सहभागीहरुले प्रतिक्रिया दिए । पत्रपत्रिकामा प्रकाशित लेख, रचना, समाचार, सम्पादकीय, चित्र, तस्वीर पनि शिक्षकले त्यसबाट काटी वा पत्रिका नै लिएर क्लासमा प्रस्तुत गर्ने गरेको जानकारी दिएको पाइयो । शिक्षक आफैले चित्र कोरी पाठमा दिएका विषयवस्तुहरुलाई सहज तरिकाले प्रस्तुत गर्ने गरेको तर त्यो सधैँ नभइ पाठअनुसार मात्र निर्माण र प्रयोग गर्ने गरेको प्रतिक्रिया पाइयो ।

सामाजिक अध्ययन विषयका पाठहरु गर र सिक भन्ने कुरामा केन्द्रित छ । विद्यार्थी आफैले गरेर सिक्दा सिक्न सजिलो हुन्छ । के तपाईलाई सबै काम शिक्षकले गरे हुन्थ्यो जस्तो लाग्दैन ? भन्ने सबालमा सहभागी विद्यार्थीहरुले उपयुक्त वातावरण, शिक्षकको सहयोग, सामग्री उपलब्ध भए हामी आफै खोजीमेली गरेर सिक्न तयार छौं भन्ने प्रतिक्रिया दिए । त्यस्तै शिक्षकहरुले कहिले काही स्थानीय सामग्रीहरु प्रयोग गरेको कुरा सहभागी विद्यार्थीहरुले पनि जानकारी दिए । यसैगरी यस विषयले गर र सिक भन्ने कुरामा जोड दिएको छ भन्ने सवालमा ४२ प्रतिशत अभिभावकले सहमत विकल्पमा प्रतिक्रिया दिएको पाइयो । २२ प्रतिशत अभिभावक चाँही अनिर्णित अवस्था देखिए भने २८ प्रतिशत अभिभावकले असहमत जनाएका छन् ।

### ४.३.५ सामाजिक अध्ययन शिक्षणमा क्षेत्रभ्रमण विधिको प्रयोग

क्षेत्रभ्रमण सामाजिक अध्ययन पाठ्यक्रममा उल्लेखित एक महत्वपूर्ण विद्यार्थी केन्द्रित शिक्षण विधि हो । नमुना छनौटमा परेका सहभागी विद्यालयहरु शिक्षकहरु र प्र.अ. मा अन्तर्वाता प्रश्नावली प्रयोग गरी प्रतिक्रिया लिने क्रममा सबै शिक्षक र प्र.अ.हरुले यस विधि सम्बन्धी ज्ञान आफूहरुलाई भएको जानकारी दिए ।

एक विद्यालयका शिक्षकले क्षेत्रभ्रमण प्रत्येक त्रैमासिक परीक्षाको अन्त्यमा कक्षा ८ र ९ का विद्यार्थीहरुलाई मात्र लैजाने गरेको बताए । कक्षा १० लाई किन नलैजाने त ? भन्ने सवालमा दशको कोर्स पूरा गर्न कठिनाई भएकोले समय अभावका कारण देखाइ नलैजाने गरेको प्रतिक्रिया दिए । त्यस्तै अधिकांश विद्यालयका सहभागीहरुले शैक्षिक सत्रको अन्त्यमा मात्र शैक्षिक भ्रमण लैजाने गरेको प्रतिक्रिया दिए । किन वर्षको अन्त्यमा मात्रै लाने गर्नुभएको भन्ने

प्रश्नमा सधै वा छोटो समयमा लैजान समय, आर्थिक र व्यवस्थापन पक्षको अभावका कारण र समयपरिस्थिति अनुसार अन्य अप्ठ्यारा पनि भएको बताए । चितवनको हिलवर्ड बोर्डिङको घटनालाई उदाहरण दिएर यस्तै समस्या अन्यलाई पनि पर्न सक्ने डरले समय र पाठअनुसार लैजान नसकिएको बताए ।

तर प्रत्येक पाठको अन्त्यमा सामुदायिक क्रियाकलाप गर्नुपर्छ । समुदायमा भएका विकास, निर्माण, प्राकृतिक स्रोत र साधन, धार्मिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक विषयवस्तुलाई अध्यापन गर्दा यो विधि नै सर्वोत्कृष्ट छ नि त ? भन्ने सवालमा पाठ्यवस्तुको समयभार कमि भएको कारण देखाए । अनुसूची ८ मा उल्लेखित समयभार अनुसार पाठ पढाउन यो विधि कम सफल हुन्छ भन्ने प्रतिक्रिया अन्य सहभागीहरुको पनि थियो ।

नमुना छनौटमा परेका विद्यालयका सहभागी विद्यार्थीहरुलाई तपाईहरुलाई सधैँ क्षेत्रभ्रमणका लागि शिक्षकहरुले पाठसम्बन्धी जानकारी गराउनुहुन्छ ? भन्ने सवालमा धेरै विद्यार्थीहरुले प्रत्येक वर्षको १ पटक मात्र क्षेत्र भ्रमणमा लैजाने गरेको बताए । अन्य क्षेत्रभ्रमणमा गएर सिक्नुपर्ने सिकाइहरु कक्षाकोठामै छलफलको माध्यमबाट गाउँघरमा देखेका र सुनेका आधारमा र काल्पनिक ढङ्गबाट उत्तरहरु निर्माण गरी सिक्ने गरेको जानकारी विद्यार्थीहरुले दिए । त्यस्तै नमुना छनौटमा परेका सहभागी अभिभावकहरुलाई बन्द प्रश्नावली भराउँदा क्षेत्र भ्रमणबाट विद्यार्थीहरुले सामाजिक अध्ययन विषयमा धेरै कुरा सिक्दैनन् । त्यसैले भ्रमण लैजानु व्यर्थ छ भन्ने भनाइमा ९० प्रतिशत अभिभावकले असहमत भनी प्रतिक्रिया दिए । यस प्रतिक्रियाबाट पनि अधिकांश अभिभावकहरु विद्यार्थीलाई क्षेत्रभ्रमण गराइ हेरेर, अनुभव गरेर, छोएर, प्रत्यक्ष कुराकानी, छलफल गरेर सिकाउनुपर्दछ भन्ने कुरामा सहमत देखिन्छन् । त्यस्तै ५ प्रतिशतले निर्णय नै दिन सकेनन् भने ५ प्रतिशत भने क्षेत्रभ्रमण नगराउने कुरामा सहमत रहेको प्रतिक्रिया दिए ।

# परिच्छेद-पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

अनुसन्धान प्रतिवेदनको मुख्य खण्डको रुपमा अनुसन्धानको प्राप्ति तथा निष्कर्षलाई प्रस्तुत गरिन्छ । शैक्षिक अध्ययन अनुसन्धानमा स्थापित उद्देश्य र सोध प्रश्नहरुका आधारमा तथ्याङ्कको सङ्कलन, परिमार्जन, तालिकीकरण, व्याख्या, विश्लेषण र विवेचना पश्चात प्राप्त निष्कर्षलाई शारांशको रुपमा प्रस्तुत गरिएको हुन्छ । त्यही प्राप्ति र निष्कर्षको आधारमा विभिन्न तह र तप्काका निकायहरुलाई महत्वपूर्ण सुझावहरु पनि प्रस्तुत गरिन्छ । यसलाई अनुसन्धान प्रतिवदेनको मुख्य खण्ड भनिन्छ । किनकी पाठकले सम्पूर्ण प्रतिवेदन अध्ययन गर्न समयको अभाव भएको खण्डमा सम्पूर्ण प्रतिवेदनको अध्ययन नगरी मुख्य प्राप्तिको अध्ययनबाट नै अनुसन्धानको जानकारी लिन सक्दछन् ।

## ५.१ प्राप्तिः

पाठ्यक्रमलाई शिक्षाको लक्ष्य हासिल गर्नका लागि तयार पारिएको शैक्षिक कार्यक्रम, लक्ष्य प्राप्तिका लागि दौडको मार्ग, शैक्षिक योजना, विद्यालय भित्र र बाहिरको सम्पूर्ण शैक्षिक गतिविधि जस्ता अर्थ र परिभाषाले चिनाइन्छ । यस्तो मुख्य बाटोको रुपमा रहेको पाठ्यक्रम सधैं एउटै नभई समयको बदलिंदो माग र परिस्थितिअनुसार परिवर्तन हुनु जरुरी छ । समयसापेक्ष, समाजको आवश्यकता, चाहना, मूल्य र मान्यता अनुसार पाठ्यक्रममा विकास, सुधार र परिवर्तन गर्न सक्नुपर्दछ । नत्र यो व्यर्थ साबित हुन्छ ।

यसै सन्दर्भमा माध्यमिक तहको सामजिक अध्ययन विषयको पाठ्यक्रमको सान्दर्भिकता अध्ययन गर्न चितवन जिल्ला खैरहनी स्रोतकेन्द्र अन्तर्गत ३ सामुदायिक र ३ संस्थागत विद्यालयलाई नमुना छनौटको रुपमा लिइएको थियो । छनौटमा परेका विद्यालयका विषय शिक्षक, प्र.अ., वि.नि. गरी १३ जना, ४ जनाका दरले २४ जना विद्यार्थी र १२ जना अभिभावकलाई अध्ययनमा छनौट गरिएको थियो । सहभागीहरुमा अन्तर्वार्ता प्रश्नावली, बन्द प्रश्नावली  परीक्षण गरी र अवलोकनबाट वास्तविक वस्तुस्थिति पत्ता लगाई गरिएको व्याख्या र विष्लेषणको आधारमा

अध्ययनकर्ताले प्राप्त गरेको मुख्यमुख्य कुराहरुलाई बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :-

क) यस अध्ययनबाट कमै मात्र विद्यालयहरुमा माध्यमिक तहको सामाजिक अध्ययन विषयको नयाँ पाठ्यक्रम उपलब्ध भएको पाइयो । संस्थागत विद्यालयमा पाठ्यक्रम भन्दा पनि शिक्षक निर्देशिकाको प्रयोग बढी भएको भेटियो । धेरै शिक्षकहरुमा पाठ्यक्रमसम्बन्धी ज्ञान भएको पाइयो भने नगण्य शिक्षकमा मात्र पाठ्यक्रम सम्बन्धी ज्ञानको कमी भएको पाइयो ।

ख) माध्यमिक तहको सामाजिक अध्ययन पाठ्यक्रमले राखेका उद्देश्यहरु राष्ट्रिय उद्देश्यसँग सम्बन्धित भएको पाइयो । यसलाई अझ सम्बन्धित बनाउन समयभार भने कमि रहेको पाइयो । माध्यमिक तहमा सामाजिक अध्ययन विषयलाई अनिवार्य विषयकै रुपमा अगाडि बढाउनुपर्छ भन्ने धारणा प्राप्त भयो । यस विषयका उद्देश्यहरु केही बाहेक अरु सबै समयसान्दर्भिक भएको पाइयो । यसका उद्देश्यहरु समकालीन समाजसँग पनि मिल्दोजुल्दो नै भएको पाइयो । सामाजिक अध्ययन विषयलाई विद्यार्थी, शिक्षक, अभिभावक, प्र.अ., वि.नि., सामाजिक कार्यकर्ता जस्ता व्यक्तिहरुले महत्वपूर्ण दृष्टिकोणले हेरेको पाइयो ।

ग) माध्यमिक तहको सामाजिक अध्ययन पाठ्यक्रमले समावेश गरेका पाठ्यवस्तुहरु उद्देश्यसँग सान्दर्भिक रहेको पाइयो । उद्देश्यसँग अझ पूर्ण सान्दर्भिक बनाउन केही पाठ्वस्तुमा परिमार्जन गर्नुपर्ने भेटियो । इतिहास र भू-गोलसम्बन्धी विषयवस्तु बढी भएको र उर्जा, ग्याँस, सोलार, जलविद्युत, जलवायु परिवर्तन सम्बन्धी पाठ्यवस्तु कमी भएको धारणा शिक्षकहरुबाट प्राप्त भयो ।

घ) सामाजिक अध्ययन पाठ्यक्रमले राखेका पाठ्यवस्तुहरु इतिहासखण्डको कम व्यवहारिक र उपयोगी भएको पाइयो भने अन्य सबै उपयोगी र व्यवहारिक भएको पाइयो ।

ङ) शिक्षकहरुबाट ६० प्रतिशत विद्यार्थीहरुले मात्र आफूले सिकेका ज्ञान, अनुभव, धारणालाई चित्र, रेखाचित्र, चिठी, निबन्ध, कथा, कविता, संवाद, सम्पादकीय, समाचार जस्ता विधामा प्रस्तुत गर्न सक्छन् भन्ने जानकारी पाइयो ।

च) पर्यटन, कृषि, भू-गोल, सामाजिक समस्या र विकृति, सामाजिक परम्परा र मूल्य मान्यता, समसामयिक घटना जस्ता विषयमा विद्यार्थीको रुचि बढी भएको पाइयो ।

त्यसैगरी विकासका पूर्वाधार र चाडपर्व जस्ता पाठहरुमा समेत विद्यार्थीहरुले बढी ध्यान दिएको पाइयो ।

छ) सिकाइलाई विद्यार्थी केन्द्रित बनाउँदै शिक्षण गर्ने हो भने अधिकांश विषयवस्तु विद्यार्थीको क्षमता र स्तर अनुसार भएको पाइयो । तर आर्थिक अवस्था, प्रशासनको लापरवाही, समयको अभाव, कक्षा व्यवस्थापन जस्ता कुराहरुले गर्दा शिक्षणलाई विद्यार्थी केन्द्रित बनाउन अप्ठ्यारो परेको पाइयो ।

ज) पाठ्यक्रको विषयवस्तुमा लचकता पर्याप्त भएको र गतिशीलतामा कमि रहेको पाइयो । विषयवस्तुको लम्वीय र क्षितिजीय संगठन मिलेको पाइयो । पाठ्यक्रमको विषयवस्तुमा समसामयिक सुधार हुनुपर्नेमा केही वर्षमा आंशिक सुधार मात्र भएको पाइयो । वैदेशिक रोजगार, विद्युतीय उत्पादन, वनजङ्गलको संरक्षण र उचित प्रयोग जस्ता पाठ्यवस्तुलाई महत्व दिइ थप गर्नुपर्ने धारणा पाइयो ।

झ) सामाजिक अध्ययन पाठ्यक्रममा शिक्षण विधिको सम्बन्धमा बढी र शिक्षण सामग्रीहरुलाई कम मात्रामा उल्लेख गरिएको पाइयो । पाठ्यक्रममा उल्लेखित शिक्षण विधि र सामग्री उद्देश्य पूरा गर्न सहयोगी भएको पाइयो । तर दैनिक प्रयोगका सामग्री, चार्ट, ग्लोब, नक्सा, एटलस जस्ता सामग्रीको शिक्षणमा बढी प्रयोग भएको पाइयो भने श्रव्यदृश्य सामग्रीहरु चाहिँ ज्यादै न्यून मात्रामा प्रयोगमा ल्याएको पाइयो ।

ञ) कम्प्युटर बाहेक अन्य आधुनिक शिक्षण सामग्रीहरु कुनै पनि विद्यालयमा प्रयोग गरिएको भेटिएन र यस्ता सामग्रीहरुको बारेमा पाठ्यक्रममा पनि उल्लेख गरिएको पाइएन । व्यवस्थापन, छलफल र प्रश्नोत्तर जस्ता विधिहरु कक्षाकोठामा बढी प्रयोगमा ल्याएको पाइयो । शिक्षण विधि र सामग्री विद्यार्थीको स्तर र क्षमताअनुसारका भए पनि विविध कारणले विद्यालयमा उपलब्ध नभएकोले कक्षा शिक्षणमा त्यसको प्रयोगमा कमि भएको पाइयो ।

ट) सामाजिक विषय नै अध्ययन गरी अध्यापन गरिरहनु भएका शिक्षकहरु भेटिएन बरु जनसंख्या, अर्थशास्त्र, समाजशास्त्र, अंग्रेजी विषय अध्ययन गरेका शिक्षकहरुले यो विषय अध्यापन गरेको पाइयो ।

ठ) स्थानीय वातावरणमा उपलब्ध र स्वनिर्मित सामग्रीको प्रयोग पर्याप्त भएको पाइयो । धेरै विद्यालयमा क्षेत्रभ्रमणलाई आवश्यक मात्रामा प्रयोगमा ल्याएको पाइएन । क्षेत्रभ्रमणलाई बर्षको १ पटक शैक्षिक भ्रमणको रुपमा प्रयोग गरिएको पाइयो ।

## ५.२ निष्कर्ष:

शिक्षा क्षेत्रमा पाठ्यक्रम एउटा यस्तो महत्वपूर्ण शैक्षिक कार्यक्रम हो । जसको अभावमा सम्पूर्ण शिक्षा प्रणाली नै अपाङ्ग बन्न पुग्दछ । यस्तो पाठ्यक्रमको मूल्याङ्कनबाट समयसमयमा परिमार्जन गर्नु पनि आवश्यक छ । यहाँ माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रमको सान्दर्भिकता शीर्षकमा तथ्याङ्क सङ्कलन गरी गरिएको व्याख्या र विश्लेषणबाट प्राप्त भएको प्राप्तिको आधारमा निम्न निष्कर्षहरु निकालिएको छ :-

क) पाठ्यक्रमको उपयोगविना शैक्षिक कार्यक्रमलाई प्रक्रियागत ढंगबाट कार्यान्वयनमा लगाउन अप्ठ्यारो पर्ने हुन्छ । अध्ययनले सबै विद्यालय र शिक्षकसँग सामाजिक अध्ययन पाठ्यक्रम नभएको देखाएकोले विद्यालय प्रशासनले उचित समयमा नै परिमार्जित पाठ्यक्रम उपलब्ध गराउनु पर्ने देखिएको छ ।

ख) माध्यमिक तहको सामाजिक अध्ययन विषय नागरिक, राजनीतिशास्त्र, जनसङ्ख्या, तथ्याङ्कशास्त्र जस्ता सामाजिक विज्ञानका महत्वपूर्ण विषयवस्तुलाई एकिकृत गरी तयार पारिएको रहेछ । तसर्थ यसलाई सोही अनुसारकै शिक्षक, विधि, सामग्री, रणनीति, वातावरणमा अध्यापन गर्नुपर्ने देखिन्छ । तर यसलाई उचित तरिकाले कार्यान्वयनमा ल्याइएको पाइएन ।

ग) माध्यमिक तहको सामाजिक अध्ययन विषय पाठ्यक्रमको उद्देश्य राष्ट्रिय उद्देश्य पूरा गर्न सहयोग गर्छ भन्ने निष्कर्षमा पुगियो । केही उद्देश्यहरुलाई पूरा गर्न थोरै समयभार बढाउनुपर्ने देखिन्छ । यस विषयको पाठ्यक्रमले राखेका उद्देश्यहरु केही बाहेक अरु समयसापेक्ष, समाजको आवश्यकतासँग मिल्दो जुल्दो भएको र यसका चासोकर्ता, विद्यार्थी, शिक्षक, अभिभावकले यसलाई सही दृष्टिकोणले हेर्ने गरेका रहेछन् ।

घ) माध्यमिक तहको सामाजिक अध्ययन पाठ्यक्रममा समावेश गरिएका पाठ्यवस्तुहरु उद्देश्यसँग धेरै हदसम्म सान्दर्भिक देखियो । इतिहास खण्डका पाठ्यवस्तु बाहेकका अन्य पाठ्यवस्तुहरु व्यवहारिक, उपयोगी, महत्वपूर्ण, सामाजिक आवश्यकता अनुसारको भएपनि इतिहास र भू-गोलका पाठ्यवस्तु अरु एकाइको तुलनामा बढी नै भएको देखिन्छ ।

ङ) भू-गोल, पर्यटन, कृषि, सामाजिक समस्या, परम्परा, मूल्य र मान्यता, विकासका पूर्वाधार जस्ता पाठ्यवस्तुमा विद्यार्थीले बढी रुचि देखाउँदा रहेछन् भने इतिहासको पाठ्यवस्तुमा कम रुचि देखाउँदा रहेछन् ।

च) उर्जा, बायोग्यास, सोलार, जलविद्युत, जलवायु परिवर्तन, खनिज उत्खनन् जस्ता पाठहरु विषयवस्तुमा समावेश गर्नुपर्ने देखिन्छ । समसामयिक घटनालाई कम महत्व दिएकोले विद्यार्थी आफैलाई क्रियाशील बनाइ यस्ता घटनाहरु खोजी प्रस्तुत गर्न प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

छ) ६० प्रतिशत विद्यार्थीहरुले आफूले सिकेका सिकाइ अनुभवलाई चिठी, निबन्ध, सम्पादकीय, चित्र, लेखाचित्र, ग्राफ, समाचार, जस्ता विधामा प्रस्तुत गर्न सक्ने देखिएको र ४० प्रतिशत विद्यार्थीहरुका त्यस्तो सिकाइमा पहुँच नभएकोले पहुँच पुर्‍याउनु पर्ने देखिन्छ ।

ज) अधिकांश विषयवस्तु विद्यार्थीको क्षमता, स्तर र रुचि अनुसारको भएपनि शिक्षणलाई विद्यार्थी केन्द्रित बनाउन नसक्दा उद्देश्य हासिलमा बाधा उत्पन्न भएको रहेछ ।

झ) सामाजिक अध्ययन पाठ्यक्रमको विषयवस्तुमा पर्याप्त लचकता भएपनि गतिशीलता कमजोरी भएको पाइयो । समयसमयमा समय सान्दर्भिक सुधार हुनुपर्नेमा सो नभएको भेटियो । विषयवस्तुको लम्बीय र क्षितिजीय संगठन मिलेको भए पनि क्षितिजीय संगठनमा सबै सामाजिक विज्ञानका विषयवस्तुहरुलाई उचित रुपले नमिलाइएको भेटियो ।

ञ) सामाजिक अध्ययन पाठ्यक्रममा शिक्षण विधिलाई मात्र जोड दिइ उल्लेख गरिएको रहेछ र शिक्षण सामग्रीलाई भने खासै उल्लेख गरिएको रहेनछ । विद्यार्थी केन्द्रित शिक्षण विधिलाई र सहयोगी शिक्षण सामग्रीहरुलाई प्रभावकारी ढंगले कार्यान्वयनमा ल्याइएको रहेनछ ।

ट) शिक्षण विधि र सामग्रीहरुले उद्देश्य हासिल गर्न पूर्ण मद्दत गर्न सक्ने रहेछन् । यसले पुलको रुपमा काम गर्ने भएपनि व्याख्यान, छलफल, प्रश्नोत्तर जस्ता विधि र दैनिक प्रयोगका सामग्रीलाई बढी जोड दिइ शिक्षण गरेकोले उद्देश्य हासिलमा बाधा उत्पन्न गरेको छ ।

ठ) सामाजिक अध्ययन विषय नै अध्ययन गरी अध्यापन गर्ने शिक्षक नभेटिएकोले यस विषयको कार्यान्वयन प्रभावकारी ढंगबाट नभई अपेक्षित उपलब्धी हासिलमा कठिनाई भएको छ ।

ड) शिक्षण विधि, सामग्री, विद्यार्थीको स्तर र क्षमताअनुसारका भए पनि विविध कारणले विद्यालयमा उपलब्ध नभएको, यसलाई प्रयोग गरी शिक्षण गर्दा समयको कमि हुने कारण देखाइ प्रयोगमा नल्याइएको रहेछ । स्थानीय स्तरका र स्वनिर्मित शिक्षण सामग्रीको प्रयोग उचित भए पनि कम्प्युटर बाहेक अन्य अत्याधुनिक शिक्षण सामग्रीहरु प्रयोगमा आएको पाइएन ।

ढ) क्षेत्रभ्रमण व्यवस्थापन, आर्थिक, समयको उपलब्धता, जोखिम जस्ता कारणले सबैजसो विद्यालयमा वर्षको एक पटक मात्र गराउने गरेको रहेछ । पाठ र यसका उद्देश्यहरु क्षेत्रभ्रमण विधिलाई उचित तरिकाले कार्यान्वयनमा ल्याउन सकिएको रहेनछ ।

## ५.३ सुझावहरुः

माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रमको सान्दर्भिकता सम्बन्धी अध्ययन अनुसन्धानमा प्राप्त तथ्याङ्कलाई व्याख्या र विश्लेषण गरी प्राप्त गरिएको प्राप्ति र त्यसबाट गरिएको निष्कर्षका आधारमा यस पाठ्यक्रमलाई अझ सान्दर्भिक, उपयोगी, प्रभावकारी, समयसापेक्ष र उचित कार्यान्वयन र अध्ययनका लागि विभिन्न तहअनुसार निम्न सुझावहरु प्रदान गरिएको छ :-

### ५.३.१ नीति निर्माण तहः

क) पाठ्यक्रम विकास केन्द्रले समयसमयमा पाठ्यक्रमको मूल्याङ्कन गरी आंशिक संशोधन मात्र होइन विश्व सापेक्ष समायोजन हुन सक्ने नागरिक तयार गर्ने हिसाबले पाठ्यक्रममा सुधार गर्नुपर्दछ ।

ख) सामाजिक अध्ययन शिक्षामा हाल भएको व्यवस्था अनुसार अनिवार्य विषयकै रुपमा निरन्तरता दिन बाञ्छनीय देखिन्छ ।

ग) परिमार्जित पाठ्यक्रमलाई छपाई सेकपछि तुरुन्त जिल्ला शिक्षा कार्यालयमा पठाउने व्यवस्था गर्नु ज्यादै आवश्यक देखिन्छ ।

घ) उर्जा सङ्कट परेको हालको अवस्थामा उर्जा सम्बन्धी ज्ञान, सीप र अभिवृत्ति प्रदान गर्ने उद्देश्य, पाठ्यवस्तु र प्राकृतिक स्रोत र साधनको परिचालन सम्बन्धी सिकाइ अनुभव दिनसक्ने विषयवस्तुहरु थप गर्न अनुरोध गरिन्छ ।

ङ) पाठ्यक्रममा ऐतिहासिक विषयवस्तुलाई सुधार र काँटछाट गरी समाहित गर्नुपर्ने आवश्यकता देखिन्छ । त्यस्तै जलवायु परिवर्तन र यसको असर सम्बन्धी ज्ञान दिने पाठ्यवस्तु थप्न उपयुक्त हुनेछ । ऐतिहासिक खण्डमा लोकतान्त्रिक विधि र शासन सम्बन्धी ज्ञान दिने पाठ्यवस्तु थप गर्न समेत सुझाव प्रदान गरिन्छ ।

च) सामाजिक अध्ययन विषयमा रहेका तथ्याङ्कहरु समयसापेक्ष परिमार्जन गर्नुपर्दछ नेपालको नक्सा कोर्ने र तथ्य भर्ने केही उचित विधिहरु र तरिकाहरुलाई थप गर्नुपर्ने माग भएअनुसार त्यसलाई कार्यान्वयन गर्न अनुरोध छ । नेपालको नक्सा कार्ने र तथ्याङ्क भर्ने कार्यलाई भूगोलको अन्य पाठहरुभन्दा अगाडी राख्न उचित देखिन्छ ।

छ) यस पाठ्यक्रममा शिक्षण सामग्रीहरुलाई व्यवस्थित तरिकाले उल्लेख गर्नुपर्ने देखिन्छ । साथै आधुनिक पद्धति र सामग्री समेत थप गर्नुपर्छ । पाठ्यवस्तुहरुमा उचित हेरफेर गरी त्यसको समयभारलाई समेत बढाउन सुझाव प्रदान गरिन्छ ।

ज) माध्यमिक तहको कक्षा १० मा सामाजिक अध्ययन विषयको पाठ्यक्रममा प्राक्टिकल कार्य गरी मूल्याङ्कन गर्ने परिपाटीलाई पूर्णाङ्क समेत किटान गरी लागू गर्दा अझ प्रभावकारी हुने कुरा सुझाइन्छ ।

### ५.३.२ कार्यान्वयन तहः

क) विद्यालय प्रशासन खासगरी प्र.अ. ले परिमार्जित सामाजिक अध्ययनको पाठ्यक्रम नै विद्यालयमा ल्याउने व्यवस्था मिलाई शिक्षकहरुलाई हस्तान्तरण गर्नु उचित हुनेछ ।

ख) शिक्षकहरुले पाठ्यवस्तु मात्र होइन पाठ्यक्रमलाई राम्ररी अध्ययन गरी यसको उद्देश्यलाई मध्यनजर गरी शिक्षक निर्देशिकाको सहयोगमा अध्यापन गर्न सुझाव दिइन्छ ।

ग) सामाजिक अध्ययन विषय शिक्षकको नियुक्ति, सरुवा, बढुवा गर्दा सोही विषय पढी आएका शिक्षकलाई प्राथमिकता दिनु उचित हुनेछ । यसले पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा महत्वपूर्ण सहयोग मिल्नेछ ।

घ) सामाजिक अध्ययन शिक्षणमा नयाँ तथ्याङ्कहरुको खोजी गरी शिक्षण गर्ने व्यवस्था गर्नुपर्छ ।

ङ) सामाजिक अध्ययन पाठ्यक्रमका उद्देश्यहरुलाई सार्थक बनाउन विद्यार्थी केन्द्रित शिक्षण सिकाइमा ध्यान दिनुपर्छ ।

च) विषयवस्तुअनुसारको शिक्षण विधि, सामग्री उपयोग गरी शिक्षण गर्नाले शिक्षण सार्थक र प्रभावकारी हुनगइ अपेक्षित उपलब्धी हासिल गर्न मद्दत पुग्दछ । साथै विद्यालय प्रशासनले पनि सामग्रीहरुको उचित व्यवस्थापनमा ध्यान दिनुपर्ने जरुरी देखिन्छ ।

छ) सामाजिक अध्ययन शिक्षणमा अत्याधुनिक शिक्षण विधि र सामग्रीको उपयोग गरिएको पाइएन । तसर्थ समयसमयमा सि.डी, डि.भि.डी, क्यासेट प्लेयर, भिडियो, प्रोजेक्टर, चलचित्र आदिका माध्यमले पनि शिक्षण गर्न सुझाव प्रदान गरिन्छ । यसले सिकाईलाई चिरस्थायी बनाइ समयसापेक्ष व्यवहार गर्न सक्ने बनाउन मद्दत गर्दछ ।

ज) सामाजिक अध्ययन विषय शिक्षण गर्ने शिक्षकहरुका लागि समयसमयमा गोष्ठी आयोजना गर्नुपर्छ र उचित समयान्तरमा पुनर्ताजकी तालिमको पनि व्यवस्था गर्नु पर्दछ ।

झ) जिल्ला शिक्षा कार्यालयको प्रतिनिधि, वि.नि. वा स्रोत व्यक्तिले पाठ्यक्रम समयमा पुगेनपुगेको, शिक्षण प्रभावकारी भए नभएको, मूल्याङ्कन प्रक्रिया उचित भए नभएको निरीक्षण गरी सुधारका लागि पृष्ठपोषण दिनुपर्दछ ।

ञ) पाठ्यक्रम कार्यान्वयनको मुख्य थलो विद्यालय भएको हुनाले कक्षा शिक्षणका साथसाथै सहक्रियाकलाप र अतिरिक्त क्रियाकलापलाई जोड दिइ लैजाने हो भने पाठ्यक्रमका उद्देश्यहरु सजिलै पूरा हुने र सिकाइमा पनि सिर्जनात्मकता बढ्ने हुनाले यसलाई आत्मसाथ गर्नुपर्छ ।

ट) जिल्ला शिक्षा कार्यालयले पाठ्यक्रम, शिक्षक निर्देशिका, आवश्यक शिक्षण सामग्री, सन्दर्भ सामग्री यथासक्य चाँडो शैक्षिकसत्रको शुरुमा विद्यालयलाई प्रभावकारी ढंगले वितरण गनुपर्छ ।

ठ) शिक्षक, वि.नि., प्रधानाध्यापकहरुले पाठ्यक्रमको उद्देश्य, विषयवस्तु, शिक्षण रणनीति विधि, सामग्री, मूल्याङ्कनमा देखिएको समस्याहरुलाई उल्लेख गरी सम्बन्धित निकायमा पठाउनुपर्दछ ।

**५.३.३ अनुसन्धान तहः**

क) सामाजिक अध्ययन पाठ्यक्रम पाठ्यक्रम विकास केन्द्रको योजना र कार्यक्रम अनुसार समयसापेक्ष रुपमा परिमार्जन भएनभएको कुरामा अनुसन्धान तहले ध्यान पुऱ्याउनुपर्ने देखिन्छ ।

ख) यस विषयको उद्देश्यहरुमा केही कमिकमजोरी देखिएकोले त्यसलाई सुधार गरी आवश्यकलाई राख्ने र अरु थपी अझ यस पाठ्यक्रमलाई योग्य बनाउने कुरातर्फ अनुसन्धानकर्ताले ध्यान पुऱ्याउनुपर्ने देखिन्छ ।

ग) माध्यमिक तहको सामाजिक अध्ययन पाठ्यक्रमका थोरैमात्र कमिकमजोरी भएपनि यसको उपलब्धिमा खासै सुधार नआउनुका कारणहरु केके हुन् भन्ने कुराको खोजी गर्नु आवश्यक छ ।

घ) सामाजिक अध्ययन पाठ्यक्रमका मूल्याङ्कन प्रक्रियाहरु के-के छन् र यसले सही ढंगले मूल्याङ्कन गर्न सकेको छ वा छैन भनी खोजी गर्नुपर्ने देखिन्छ ।

ङ) यस विषयको पाठ्यपुस्तकको भौतिक र प्राज्ञिक क्षेत्रमा भएका समस्याहरुलाई खोजी गरी सुधारका उपायहरु प्रदान गर्नुपर्दछ ।

च) सामाजिक अध्ययनमा सामुदायिक क्रियाकलापहरु बढी नै गराई त्यसबाट अपेक्षित उपलब्धि हासिल गर्ने गराउने आशा गरिएको छ । त्यसलाई कार्यान्वयनमा कतिको ल्याइएको छ । त्यस सम्बन्धमा खोजी गर्नुपर्ने देखिन्छ ।

छ) सामाजिक अध्ययनमा शिक्षण-सिकाइ रणनीतिले शैक्षिक उपलब्धिमा प्रभाव पारेको हुन्छ । यसको उद्देश्य पूर्तिमा तोकिएको रणनीतिहरु प्रयोग गरिएका छन् वा छैनन् खोजी गरी सुधार गर्नुपर्ने देखिन्छ ।

ज) माध्यमिक तहको सामाजिक अध्ययन पाठ्यक्रमको कार्यान्वयनमा शैक्षिक योजनाहरु जस्तैः- दैनिक पाठयोजना, एकाइ योजना, बार्षिक शैक्षणिक योजना र वार्षिक कार्यतालिकाको उपयोग कस्तो छ भन्नेतर्फ ध्यान पुऱ्याउनुपर्दछ ।

# सन्दर्भसामग्री


अधिकारी, गोबिन्द र खड्का, विरेन्द्र (२०६१), **अध्यापन अनुमतिपत्र,** माध्यमिकतह, भोटाहिटी काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

कट्टेल, बालचन्द्र (२०६५), **पाठ्यक्रम अध्ययन,** कीर्तिपुर काठमाण्डौ : न्यूहिरा बुक्स इन्टरप्राइजेज ।

खनाल, श्रीप्रसाद (२०६४), **पाठ्यक्रम सिद्धान्त,** कीर्तिपुर काठमाण्डौ : जुपिटर पब्लिशर्स एण्ड डिष्ट्रिव्युर्टस प्रा.ली ।

खनाल, पेशल (२०६५), **शैक्षिक अनुसन्धान पद्धति,** कीर्तिपुर काठमाण्डौ : सनलाईट पब्लिकेशन ।

घिमिरे, त्रिलोचन (२०५५), **कक्षा पाँचको सामाजिक शिक्षा विषयको पाठ्यक्रम, पाठ्यपुस्तक र विद्यार्थी उपलब्धि बिच सम्बन्धको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर, काठमाण्डौ ।

ज.ब.रा, स्वयंप्रकाश र अन्य (२०६२), **पाठ्यक्रम योजना र अभ्यास,** एम.एड. प्रथम वर्ष भोटाहिटी काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, डिल्लीप्रसाद (२०५७), **काठमाण्डौ जिल्लाका सार्वजनिक विद्यालयहरुमा सामाजिक शिक्षा शिक्षण विधि र विद्यार्थी उपलब्धि एक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर काठमाण्डौ ।

पाठ्यक्रम विकास केन्द्र (२०६४, **माध्यमिक तहको पाठ्यक्रम,** भक्तपुर : नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय ।

बन्जाडे, माधव (२०६५), **माध्यमिक तहको सामाजिक अध्ययन विषयमा शिक्षण सिकाइ क्रियाकलाप,** अप्रकाशित रिसर्च रिपोर्ट, ताहाचल काठमाण्डौ ।

भट्ट, गोविन्द (२०६७), **सामाजिक शिक्षा विषयको पाठ्यक्रम र पाठ्यपुस्तकको प्रभावकारीता,** अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि.वि कीर्तिपुर, काठमाण्डौ ।

भट्टराई, सोमनाथ, धामी केशनसिंह (२०६६), **पाठ्यक्रम र मूल्याङ्कन**, काठमाण्डौ : रत्नपुस्तक भण्डार ।

मुडवरी, नवराज र खनाल, श्री प्रसाद (२०५९), **शैक्षिक अनुसन्धान पद्धतिको परीचय,** कीर्तिपुर काठमाण्डौ : क्षितीज प्रकाशन ।

लुइँटेल, ईश्वर (२०६७), **माध्यमिक शिक्षक सेवा दर्पण,** काठमाण्डौ : क्षितीज प्रकाशन

वाग्ले, मनप्रसाद (२०५९), **पाठ्यक्रम र मूल्याङ्कन,** भोटाहिटी काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, डा. केशव बहादुर आचार्य, बलराम (२०६६), **सामाजिक संस्था र प्रक्रियाको विश्लेषण,** भोटाहिटी काठमाण्डौ : नेशनल बुक सेन्टर ।

श्रेष्ठ, चन्द्रबहादुर र बस्न्यात सम्झना (२०६५), **शिक्षाको परिचय,** काठमाण्डौ : भुँडिपुराण प्रकाशन ।

श्रेष्ठ, शरणहरी (२०६७) : शैक्षणिक पद्धति, कीर्तिपुर काठमाण्डौ : एस.के पब्लिकेशन ।

**सामाजिक अध्ययन पाठ्यपुस्तक** (२०६७), कक्षा नौ र दश नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर जनक शिक्षा सामग्री केन्द्र लिमिटेड ।

## माध्यमिक तहमा सामाजिक अध्ययन विषयको पाठ्यक्रमको सान्दर्भिकता

## अनुसूची १

### (शिक्षक, प्र.अ. र वि.नि.को लागि सोधिने प्रश्नावली)

स्रोतकेन्द्रको नाम : ठेगाना :

विद्यालयको नाम : तह :

वि.नि. /प्र.अ. /शिक्षकको नाम : अध्यापन अनुभव :

योग्यता : उमेर :

**क) उद्देश्यको सम्बन्धमा**

१) तपाईले माध्यमिक तहको सामाजिक अध्ययन पाठ्यक्रम सरसर्ती पढ्नु भएको छ ?

२) शिक्षाको राष्ट्रिय लक्ष्य तथा उद्देश्यहरुको बारेमा तपाईलाई ज्ञान छ ?

३) सामाजिक अध्ययन पाठ्यक्रमले राखेका खास उद्देश्यहरु के के होलान् ?

४) सामाजिक अध्ययन पाठ्यक्रमका उद्देश्यहरुले राष्ट्रिय लक्ष्य तथा उद्देश्यहरु पूरा गर्न सहयोग गर्छन त ?

५) सामजिक अध्ययन पाठ्यक्रमका उद्देश्यहरुले आधुनिक समाजको आवश्यकता, चाहना आदि पूरा गर्लान् जस्तो लाग्छ ?

६) यदि समाजको चाहना अनुसारको छैन भने अरु के-के थपघट गर्नुपर्छ होला ?

७) के सामजिक अध्ययन पाठ्यक्रमका उद्देश्यहरु विद्यार्थीको स्तरअनुसारका छन् ?

८) छैनन् भने के कसरी त्यसमा सुधार ल्याउन सकिन्छ होला ?

**ख) पाठ्यवस्तुको सम्बन्धमा**

१) के सामाजिक अध्ययन पाठ्यक्रमका निर्धारित उद्देश्यहरु हासिल गर्न पाठ्यवस्तुहरु उपयुक्त छन् ?

२) के माध्यमिक तहको सामाजिक अध्ययन पाठ्यक्रमका विषयवस्तुहरु विद्यार्थीको रुची, क्षमता र स्तर अनुसारका छन् ?

३) छन् भने तपाई त्यसलाई कसरी पुष्टि गर्नुहुन्छ ?

४) यदि छैन भने त्यसलाई कसरी सुधार गर्नुपर्ला ?

५)  यस तहका पाठ्यवस्तुहरुले सबै तहका उद्देश्यहरुलाई समेट्लान् ?

६)  के सिकाइ अनुभवहरुलाई कथा, कविता, नाटक, चिठ्ठी, चित्र, ग्राफ, समाचार आदि सबै विद्यामा विद्यार्थीले प्रस्तुत गर्न सक्छन् ?

७)  के तपाईलाई यस तहमा अरु विषयवस्तुहरु थप्नु पर्ने जस्तो लाग्छ ?

८)  यस तहको सामाजिक अध्ययन विषयको विषयवस्तुहरुका अरु सबल र दुर्बल पक्षहरु के के होलान् ?

९)  तपाई यस सम्बन्धमा अरु सुझावहरु के-के दिन चाहनुहुन्छ ?

१०)  के पाठ्यक्रममा उल्लेखित पाठ्यवस्तु समयमा पढाएर पूरा गर्न सकिन्छ ?

**ग) शिक्षण विधि र सामग्री सम्बन्धमा**

१)  शिक्षण विधिलाई कसरी चिनाउनुहुन्छ ?

२)  शिक्षण विधि भित्र कुनकुन विधिहरु पर्दछन् ?

३)  शिक्षण सामग्रीको परिचयलाई कसरी प्रष्ट्याउनु हुन्छ ?

४)  शिक्षण सामग्रीहरु के कस्ता हुन्छन् र तिनीहरुलाई कति प्रकारमा विभाजन गर्न सकिन्छ ?

५)  मा.वि.को सामाजिक अध्ययन पाठ्यक्रममा कुनकुन शिक्षण विधि र सामग्रीहरुको उल्लेख छ ?

६)  के ती सबै विधि र सामग्रीहरु विद्यार्थीको स्तर अनुकुल छन् ?

७)  तपाई उक्त सामग्री र विधिहरुलाई पाठ अनुकूल सधै प्रयोग गर्न सक्नु हुन्छ ?

८)  यदि सक्नुहुन्न भने असहज हुनुका कारणहरु बताईदिनोस् ?

९)  के पाठ्यक्रममा उल्लेखित शिक्षण विधिहरु पर्याप्त छन् ? छैनन् भने कुनकुन विधिहरु उपयोग गर्न सकिन्छ होला ?

१०)  शिक्षण विधि र सामग्रीहरुमा तपाईलाई लागेका अरु राम्रा र नराम्रा पक्षहरु केके होलान् ?

११)  के अत्याधुनिक शिक्षण सामग्रीहरुको प्रयोग गरी अध्यापन गरेको तपाईलाई जानकारी छ ?

१२)  शिक्षण विधि र सामग्री सम्बन्धमा अरु के के सुझावहरु दिन चाहनुहुन्छ ?

## माध्यमिक तहमा सामाजिक अध्ययन विषयको पाठ्यक्रमको सान्दर्भिकता

## अनुसूची २

## (विद्यार्थीको लागि  सोधिने प्रश्नावली)

विद्यालयको नाम : मिति :

विद्यार्थीको नाम : छात्र/छात्रा :

ठेगाना : कक्षा :

सेक्सन :

१) तपाईले किन सामाजिक अध्ययन विषय पढ्नु भएको हो ? छोटकरीमा बताईदिनुहोस् ।

२) तपाईलाई सामाजिक अध्ययन विषय अध्ययन गरेपछि के गर्न सक्छु जस्तो लाग्छ ?

३) सामाजिक समस्या र विकृतिको परिचय र यसलाई समाजबाट हटाउने उपायहरु पाठ पढ्पछि कसरी त्यसलाई समाजमा प्रयोग गर्नुहुन्छ ?

४) सामाजिक अध्ययन विषयमा राखिएका विषयवस्तुहरु दैनिक व्यवहारमा उपयोगी हुने खालका छन् ?

५) यदि उपयोगी र महत्वपूर्ण  खालका छन् भने कसरी उदाहरण दिएर पुष्टि गर्नुहुन्छ ?

६) के कक्षा ९ र १० पढेका विषयवस्तुहरु तल्ला कक्षाहरुमा पनि पढिएको थियो ?

७) थियो भने पहिलेको र अहिले माथिल्लो कक्षामा अध्ययन गरेको कुराहरुमा के भिन्नता छन् ?

८) सामाजिक अध्ययनमा पढिएका विषयवस्तुहरु जनसङ्ख्या, गणित, इतिहास, अर्थशास्त्र आदिसँग मिल्दाजुल्दा छन् ?

९) सामाजिक अध्ययन विषयका कुनकुन पाठहरुलाई तपाई महत्व दिनुहुन्छ ?

१०) तपाईलाई एकपटक पढेपछि फेरीपनि दोहोऱ्याएर पढुँपढुँ लाग्ने कुनै पाठ छ ?

११) यदि छ भने केहीको नाम भन्नुहोस् र किन त्यस्तो लागेको बताउनुहोस् ?

१२) तपाईलाई माध्यमिक तहको सामाजिक अध्ययन विषयको कुनै पाठ अनावश्यक र त्यसलाई हटाउनु पर्ने छ जस्तो लाग्छ ?

१३) व्यक्तिगत र सामाजिक विकासप्रति सकारात्मक धारणा दिने पाठ्यवस्तुहरु कुनुकन हुन् जस्तो लाग्छ ?

१४) तपाईको विचारमा अझ के कस्ता पाठहरु थप गर्दा राम्रो होला ? बताउन सक्नुहुन्छ ?

१५) सामाजिक अध्ययन विषयका कुन कुन पाठहरु हटाउनुपर्ला ?

१६) के तपाईले दिएको पाठ पढेर क्रियाकलापहरु सबै गर्न सक्नुहुन्छ ?

१७) यस विषयमा धेरै काम विद्यार्थी आफैले गरेर सिक्नुपर्छ । के तपाईलाई सबै शिक्षकले गरिदिने भए राम्रो हुन्थ्यो भन्ने लाग्दैन ?

१८) के तपाईको धारणामा मा.वि. तहमा सामाजिक विषय पढेपछि व्यक्ति, समाज राष्ट्रका धेरै चाहनाहरु पूरा हुन्छन् ?

१९) सामाजिक अध्ययन पिवषयमा अन्तर्राष्ट्रिय सम्बन्धको बारेमा ज्ञान दिने एकाइ कुन हो ?

२०) सामाजिक अध्ययनमा विवाद उत्पन्न गर्ने कुनै पाठ छ त ?

२१) सामाजिक अध्ययन विषय अति आवश्यकीय विषय हो भन्ने कुरालाई कसरी पुष्टि गर्नुहुन्छ ?

२२) सामाजिक अध्ययन विषय पढाउँदा तपाईको शिक्षकले कुन कुन विधि बढी प्रयोग गर्नुहुन्छ ?

२३) यस विषयको अध्यापन गर्दा शिक्षकले दैनिक के कस्ता शिक्षण सामग्रीको प्रयोग गर्नुहुन्छ ?

२४) के भौगोलिक अध्ययन सन्दर्भको पाठअनुसारको नक्सा, ग्लोब, एटलस र अन्य सामग्री प्रयोग गर्नुहुन्छ ?

२५) के शिक्षकले ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक महत्वका ठाँउमा भ्रमण लैजानु भएको छ ?

२६) के शिक्षकले दैनिक रुपमा भएका घटना, परिवर्तन, आविश्कार आदि सम्बन्धी समसामयिक कुराहरु बताउनुहुन्छ ?

२७) अन्त्यमा सामाजिक अध्ययन विषयसँग सम्बन्धित सकारात्मक र नकारात्मक कुराहरु छुटेको भए बताइदिनुहोस् ।

## माध्यमिक तहमा सामाजिक अध्ययन विषयको पाठ्यक्रमको सान्दर्भिकता

## अनुसूची ३

## अभिभावकका लागि बन्द प्रश्नावली

तलका प्रश्न बढी/सुनी ठीक विकल्पमा चिन्ह लगाउनुहोस्

| क.स | विषय सम्बन्धी सवालहरु | उत्तरका विकल्पहरु | | | | |
|---|---|---|---|---|---|---|
| | | पूर्ण सहमत | सहमत | अनिर्णित | असहमत | पूर्ण असहमत |
| १ | सामाजिक अध्ययन विषय समयको माग हो । | | | | | |
| २ | सामाजिक अध्ययन पाठ्यक्रम माध्यमिक तहमा समावेश गर्नु राम्रो कुरा हो । | | | | | |
| ३ | सामाजिक अध्ययन पाठ्यक्रमले व्यक्ति, समाज, राष्ट्र र विश्वलाई नै ठूलो योगदान दिएको छ । | | | | | |
| ४ | सामाजिक अध्ययन विषय शिक्षणबाट विद्यार्थीमा कुनै नकारात्मक असर परेको छैन । | | | | | |
| ५ | विद्यार्थीहरुले यसलाई मन पराउँदैनन् त्यसैले यस विषय हटाउनुपर्छ । | | | | | |
| ६ | सामाजिक अध्ययन विषयले सामाजिक, आर्थिक, साँस्कृतिक, धार्मिक र पेसागत क्षेत्रमा सकारात्मक धारणाको विकास गराउँछ । | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | सामाजिक अध्ययन कुनै विषय नै होइन यसलाई अरु विषयमा गाभे हुन्छ । | | | | | |
| ८ | सामाजिक अध्ययन विषय अध्यापन गर्नुको मुख्य उद्देश्य अनुशासित सहयोगी, शिष्टाचार, सभ्य, मिलनसार नागरिक तयार पार्नु हो । | | | | | |
| ९ | सामाजिक अध्ययन विषयको क्षेत्र व्यापक छ त्यसैले षेत्र घटाउनु पर्छ । | | | | | |
| १० | कक्षा ९ र १० को पाठ्यवस्तु अरु कुनै विषय र तहसँग सम्बन्धित छैन । | | | | | |
| ११ | सामाजिक अध्ययन विषय जुनसुकै शिक्षकले कुनै पनि तरिकाले अध्यापन गर्न सक्छ । | | | | | |
| १२ | यस विषयले गरेर सिक भन्ने कुरामा जोड दिएको छ । | | | | | |
| १३ | यस विषयलाई चाँडोभन्दा चाँडो परिमार्जन गर्नु आवश्यक छ । | | | | | |
| १४ | विद्यार्थीलाई नै मध्यनजर गरी यस पाठ्यक्रमका विषयवस्तु तयार पारिएको छ । | | | | | |
| १५ | यस विषयमा धेरै विषयसँग सम्बन्धित विषयवस्तु राखिएकोले विद्यार्थीहरुले चाहेजस्तो मार्क प्राप्त गर्न सकेका छैनन् । | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | माध्यमिक तहमा पढाई हुने सामजिक अध्ययन विषयले जातजाती, धर्म, लिङ्ग, भाषा, वर्ग आदिमा भेदभाव रोक्न सकेको छैन । | | | | | |
| १७ | तपाईको समुदायको विद्यालयमा सामाजिक अध्ययन विषय अध्यापन गर्न आवश्यक सामग्रीहरु सबै छन् । | | | | | |
| १८ | तपाईको छोरा/छोरी पढ्ने विद्यालयमा सामाजिक अध्ययन विषय अध्यापन गर्ने शिक्षक सोही विषय पढेर आउनु भएको छ । | | | | | |
| १९ | सामाजिक अध्ययन विषय हटाएर कम्प्युटर शिक्षा राखे राम्रो हुन्छ । | | | | | |
| २० | सामाजिक अध्ययन विषयको पाठ्यवस्तुमा आंशिक परिवर्तन गर्नु आवश्यक छ । | | | | | |
| २१ | क्षेत्रभ्रमणबाट विद्यार्थीहरुले सामाजिक अध्ययन विषयमा धेरै कुरा सिक्दैनन् त्यसैले भ्रमण लैजानु व्यर्थ छ । | | | | | |

## माध्यमिक तहमा सामाजिक अध्ययन विषयको पाठ्यक्रमको सान्दर्भिकता

## अनुसूची ४

यस अध्ययनका लागि खैरहनी स्रोतकेन्द्र अन्तर्गत छनौट गरिएका ३ वटा सामुदायिक माध्यमिक विद्यालयहरु र ३ वटा संस्थागत माध्यमिक विद्यालयहरु निम्न अनुसारका छन् :-

| क.स | सामुदायिक मा.वि. | क.स | संस्थागत मा.वि |
|---|---|---|---|
| १ | श्री वीरेन्द्र आदर्श उ.मा.वि.<br>वीरेन्द्रनगर, चितवन | १ | श्री साकुरा एकेडमी<br>वीरेन्द्रनगर -२, चितवन |
| २ | श्री खैरहनी उ.मा.वि.<br>खैरहनी, चितवन | २ | श्री ग्लोसाइन उ.मा.वि.<br>पर्सा, चितवन |
| ३ | श्री कठार मा.वि.<br>कठार चितवन | ३ | श्री विद्या मेमोरियल मा.वि.<br>वीरेन्द्रनगर- ३ खुरखुरे, चितवन |

## अनुसूची ५

## पाठ्यक्रम ढाँचा

**साधारण माध्यमिक विद्यालय**

| क्र.स | विषय | पाठ्यभार | पूर्णाङ्क |
|---|---|---|---|
| 1 | नेपाली | 5 | 100 |
| 2 | गणित | 5 | 100 |
| 3 | अङ्ग्रेजी | 5 | 100 |
| 4 | विज्ञान | 5 | 100 |
| 5 | सामाजिक अध्ययन | 5 | 100 |
| 6 | स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण शिक्षा | 4 | 100 |
| 7 | ऐच्छिक प्रथम पत्र | 5 | 100 |
| 8 | ऐच्छिक द्वितीय पत्र | 5 | 100 |
| 9 | जम्मा | 39 | 800 |

## अनुसूची ६

**साधारण उद्देश्य**

**माध्यमिक तह (कक्षा ९ र १०) को अन्त्यमा विद्यार्थीहरु निम्नलिखित कुराहरु गर्न सक्षम हुनेछन्:-**

१) विकास तथा मानव विकासको अवधारणा तथा नेपालमा मानव विकासको स्थिति बताउन

२) क्षेत्रीय एवं दिगो विकासको अवधारणा बताउन

३) नेपालको विकास कार्यमा विकासका पूर्वाधारहरुका भूमिका उल्लेख गर्न र यसको विकासमा दक्ष जनशक्तिको आवश्यकता बताउन

४) हाम्रा परम्परा, सामाजिक मूल्य र मान्यता, साहित्य, कला र संस्कृतिको महत्व बताउन र तिनीहरुको संरक्षण कार्यमा सहयोग पुऱ्याउन

५) राष्ट्रिय र अन्तराष्ट्रिय व्यक्तिहरुको योगदान बताउन र उनीहरुले गरेका राम्रा कामहरुको अनुसरण गर्न

६) सामाजिक समस्या पहिचान गरी समाधानका उपायहरु उल्लेख गर्न र त्यस्ता कार्यमा सरिक हुन

७) नेपालको सामाजिक र आर्थिक विकासमा सङ्घसंस्थाहरुले खेलेको भूमिका वर्णन गर्न

८) संविधानको परिचय दिई नेपालको संवैधानिक विकासक्रम बताउन

९) राज्यका अङ्गहरु (व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका) को परिचय दिन

१०) मानव अधिकार र सुशानको अवधारणासँग परिचित भई सोअनुसार कार्य गर्न

११) नेपालको धरातलीय स्वरुपअनुसार हावापनीको अवस्था र यसले जनजीवनमा पार्ने प्रभाव बताउन

१२) नक्सा र ग्लोबको अध्ययन गरी त्यसको प्रयोग गर्न

१३) विश्वको हावापानी, यसलाई प्रभाव पार्ने तत्व र यसले जनजीवनमा पार्ने प्रभाव बताउन

१४) महाद्वीपहरुको भौगोलिक, सामाजिक र आर्थिक क्रियाकलापबारे सङ्क्षिप्त परिचय दिन

१५) नेपालको ऐतिहासिक पृष्ठभूमि र घटनाहरुको सङ्क्षिप्त रुपमा वर्णन गरी त्यसबाट परेको प्रभाव उल्लेख गर्न

१६) विश्वका प्रमुख राजनीतिक र आर्थिक घटनाक्रमहरुको सङ्क्षिप्त वर्णन गर्न

१७) नेपालको आर्थिक विकासमा कृषि, उद्योग, व्यापार र वैदेशिक रोजगारको योगदानबारे उल्लेख गर्न

१८) आर्थिक योजनाको परिचय, महत्व र चालु योजनाको उल्लेख गर्न

१९) मित्रराष्ट्रहरु र सार्क, संयुक्त राष्ट्रसङ्घ जस्ता अन्तराष्ट्रिय सङ्गठनहरुसँगको नेपालको सम्बन्ध तथा आपसी  सहयोगको वर्णन गर्न

२०) विश्वमा घटेका समसामयिक घटनाहरुले मानव समाजमा पारेका प्रभावबारे बताउन

अनुसूची ७

## विषयवस्तुको क्षेत्र र क्रम तालिका

| एकाइ/क्षेत्र | कक्षा ९ को विषयवस्तु | कक्षा १० को विषयवस्तु | घन्टी |
|---|---|---|---|
| १. हामी, हाम्रो समुदाय र राष्ट्र | क. विकास तथा मानव विकासको अवधारणा एवं नेपालमा मानव विकासको स्थिति<br>ख. दिगो विकास | क) क्षेत्रीय विकासको अवधारणा<br>ख) विकास क्षेत्रको तुलनात्मक अध्ययन (भौगोलिक, सामाजिक, आर्थिक)<br>ग) नेपालमा सञ्चालित आयोजनाहरु | १२ |
| २. विकासका पूर्वाधारहरु | क. विकासको पूर्वाधारहरु शिक्षा, स्वास्थ्य, सञ्चार, विद्युत् र खानेपानी | क) विकासका पूर्वाधारहरुका रुपमा दक्ष जनशक्ति र शान्ति सुव्यवस्था<br>ख) नेपालको विकासका कठिनाइहरु तथा समाधानका उपायहरु | १२ |
| ३. हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता | क) हाम्रो रीतिरिवाज र कलाको परिचय (हस्तकला, चित्रकला, वास्तुकला, मूर्तिकला)<br>ख) धर्म निरपेक्षता<br>ग) राष्ट्रिय विभूतिहरुबाट राष्ट्रका लागि भएका योगदान | क) सांस्कृतिक सम्पदाहरु<br>ख) हाम्रो रीतिरिवा, लोक तथा शास्त्रीय कला (नृत्य, गीत र वाद्य)<br>ग) हाम्रा राष्ट्रिय दिवसहरु<br>घ) अन्तराष्ट्रिय व्यक्तित्वहरु | १२ |
| ४. सामाजिक समस्या र समाधान | क) सामाजिक समस्या पहिचान र यसको समाधान<br>ख) सामाजिक सुधारमा स्थानीय र राष्ट्रिय सङ्घसंस्थाको योगदान<br>ग) सामाजिक सुधारमा हालसम्म भएका प्रयासहरु | क) सामाजिक समस्याहरुः चेलिबेटी बेचबिखन, देहव्यापार, छुवाछुत, प्रथाहरु (दाइजो, घुम्टो, देउकी, झुमा आदि) ले समाजमा पारेको प्रभाव र समाधानका उपायहरु<br>ख) भष्ट्राचार, दुर्व्यसन आदि सामाजिक विकृतिले समाजमा पारेका प्रभाव र समाधानका उपायहरु<br>ग) सामाजिक सङ्घसंस्था र सामाजिक समस्या समाधानका | १५ |

| | | | |
|---|---|---|---|
| | | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुले खेलेको भूमिका र कार्यहरु | |
| ५. नागरिक चेतना | क) नेपालको संवैधानिक विकासक्रम<br>ख) नेपालको वर्तमान संविधानको विशेषताहरु<br>ग) वर्तमान संविधानले प्रदान गरेका मौलिक हक<br>घ) सुशासन (नागरिक समाजको भूमिकासमेत)<br>ङ) विविधतामा एकता (जाति, धर्म, भाषा, क्षेत्र, लिङ्ग) | क) राज्यका तीन अङ्गहरु (कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका) को गठन प्रक्रिया र कार्यहरु<br>ख) संवैधानिक अङ्गहरुको परिचय<br>ग) राजनीतिक दलको परिचय र भूमिका<br>घ) निर्वाचन प्रक्रिया र यसमा नागरिकले खेल्नुपर्ने भूमिका<br>ङ) मानव अधिकार<br>च) राष्ट्रिय सरोकारका विषय | २१ |
| ६. हाम्रो पृथ्वी | क) देशान्तरको कारणले समय र तिथिमा पार्ने प्रभाव<br>ख) नेपालको धरातलीय स्वरुप यहाँको हावापानी र यसबाट मानव जीवनमा पर्ने प्रभाव<br>ग) एसिया, युरोप र अष्ट्रेलिया महाद्वीपको प्राकृतिक साधन, आर्थिक क्रियाकलाप र सामाजिक जनजीवन एवं नेपालसँगको तुलना<br>घ) नक्सा कार्य (नेपालको नक्सा अध्ययन गरी रेखाङ्कित नक्सामा प्रमुख तथ्यहरु देखाउने) | क) विश्वको हावापानीको प्रकार, हावापानी र धरातलीय विविधताबाट विश्वको जनजीवनमा पर्ने असर<br>ख) उत्तर अमेरिका र दक्षिण अमेरिका तथा अफ्रिका महाद्वीपहरुको प्राकृतिक, सामाजिक र आर्थिक क्रियाकलाप र सामाजिक जनजीवन र नेपालसँग तुलना<br>ग) भूकम्प, यसको कारण, असर र सुरक्षाका उपायहरु<br>घ) नक्सा कार्य (विश्वको नक्सामा प्रमुख तथ्याहरु भर्न)<br>ङ) विभिन्न तरिका अपनाइ नेपालको नक्सा उतार्ने र प्रमुख तथ्यहरु भर्ने | २४ |
| ७. हाम्रो विगत | क) ऐतिहासिक स्रोतहरुको खोजी, अध्ययन र त्यसको उपयोग<br>ख) नेपालको एकीकरण अभियान र यसको प्रभाव<br>ग) नेपाल अङ्ग्रेज युद्धमा नेपाली वीरवीरङ्गानाहरुको योगदान | क) वि.सं. २००७ सालदेखि २०४६ सम्मको प्रमुख राजनीतिक घटनाक्रम र त्यसले सामाजिक र आर्थिक पक्षमा पारेको प्रभाव<br>ख) वि.सं. २०४६ देखि हालसम्मको राजनीतिक घटनाक्रम र | २१ |

| | | | |
|---|---|---|---|
| | घ) राणशासनको उदय एवं अन्त्यका कारणहरु र यसले सामाजिक तथा आर्थिक पक्षमा पारेको प्रभाव<br>ङ) आद्योगिक क्रान्तिबाट मानव समाजमा परेको प्रभाव | यसले सामाजिक र आर्थिक पक्षमा पारेको प्रभाव<br>ग) पहिलो र दोस्रो विश्वयुद्धको कारण, परिणाम र नेपालीले खेलेको भूमिका | |
| ८. आर्थिक क्रियाकलाप | क) कृषि, उद्योग र व्यापारमा आपसी सम्बन्ध<br>ख) नेपालमा कृषिको महत्व, समस्या र यसको विकासका लागि अवलम्बन गर्नुपर्ने उपायहरु<br>ग) नेपालको अर्थतन्त्रमा उद्योगको महत्व, समस्या र समाधान एवं प्रवर्धनका उपायहरु<br>घ) नेपालमा व्यापारको महत्व, समस्याहरु र प्रवर्धन गर्ने उपायहरु<br>ङ) आर्थिक योजनाको परिचय र अघिल्लो योजनाको समीक्षा<br>च) गरिबी निवारण र रोजगार प्रवर्धनमा आर्थिक योजनाले पुऱ्याउने सहयोग | क) नेपालको अर्थतन्त्रमा पर्यटन उद्योगको महत्व र विकासका सम्भावनाहरु<br>ख) नेपालमा पर्यटन उद्योग विकासका समस्या र समाधानका उपायहरु<br>ग) नेपालको अर्थतन्त्रमा वैदेशिक रोजगारको महत्व, सम्भावना र चुनौती<br>घ) चालु योजनाको उद्देश्य, कार्यक्रम र विकासमा पुऱ्याउने सहयोग | २१ |
| ९. अन्तराष्ट्रिय सम्बन्ध, शान्ति र सहयोग | क) सार्क राष्ट्रहरुबीचको आपसी सहयोग र सद्भावना<br>ख) नेपालका दातृसंस्थाहरुसँग सम्बन्ध र सहयोग (द्विपक्षीय तथा बहुपक्षीय)<br>ग) अन्तराष्ट्रिय शान्ति स्थापनाका लागि नेपालले पऱ्याउँदै आएको सहयोग<br>घ) संयुक्त राष्ट्रसङ्घमा नेपालको भूमिका<br>ङ) विश्वमा घटेका समसामयिक घटनाहरुले मानवजीवनमा पारेको प्रभाव। | क) संयुक्त राष्ट्रसङ्घ र यसका अङ्गहरु<br>ख) संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत संस्थाहरुसँग नेपालको संबन्ध र सहयोग<br>ग) विश्वमा घटेका समसामयिक घटनाहरुले मानवजीवनमा पारेको प्रभाव | १२ |
| | | जम्मा | १५० |

## अनुसूचि ८

## कक्षागत पाठ्यवस्तुको अङ्कभार र पाठ्यभार विभाजन (कक्षा ९ र १०)

| क्र.सं. | क्षेत्र/एकाइ | अङ्कभार (प्रतिशतमा) | पाठ्यभार (घन्टीमा) |
|---|---|---|---|
| 1 | हामी, हाम्रो समुदाय र राष्ट्र | 8 | 12 |
| 2 | विकासका पूर्वाधारहरु | 8 | 12 |
| 3 | हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता | 8 | 12 |
| 4 | सामाजिक समस्या र समाधान | 10 | 15 |
| 5 | नागरिक चेतना | 14 | 21 |
| 6 | हाम्रो पृथ्वी | 16 | 24 |
| 7 | हाम्रो विगत | 14 | 21 |
| 8 | आर्थिक क्रियाकलाप | 14 | 21 |
| 9 | अन्तराष्ट्रिय सम्बन्ध, शान्ति र सहयोग | 8 | 12 |
|  | जम्मा | 100 | 150 |